पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १२ | २०७० असोज २५ गते शुक्रबार (Oct. 11, 2013) | मूल्य रू. १०/-

## पूर्वराजालाई भेट्ने भए....



काठमाडौं । पूर्वराजा महाअष्टमीका दिन राजधानीका शक्तिपीठहरूमा दर्शन गर्न निसकेन कार्यक्रम छ । पूर्वराजा नक्साल भगवती, मैतिदेवी, कालिकास्थान, भद्रकाली, नरदेवी, शोभा भगवतीलगायतका शक्तिपीठहरूको पूजाआजा गर्न जाँदा आम नागरिकले भेटवार्ताको अवसर पाउने भएका छन् ।

यसैगरी विजयादशमीका दिन इच्छुक आमनागरिकका लागि निर्मल निवासको ढोका दिउँसो ३ बजे खुल्ने भएको छ । (बाँकी अन्तिम पेजमा)

# इँटा हाने ढुंगा हानिन्छ : वैद्य

काठमाडौं । मंसिर ४ को निर्वाचनमा सहभागी हुने वातावरण नबनेपछि सक्रिय र सशक्त बहिष्कारमा लागेको नेकपा-माओवादीले दमन गरे हतियार उठ्छ, इँटा हाने ढुंगा हानिन्छ, जैसालाई तैसा व्यवहार हुन्छ भनेर आफू पानीको फोका नभएको जवाफ फर्काएका छन् । स्मरणीय छ, खिलराज रेग्मीले चुनाव बहिष्कारवादीहरू पानीको फोका हुन भनेका थिए ।

यसैबीच ३३ दलको वैद्य मोर्चामा मातृका यादवको नेकपा माओवादी पनि मिसिन आइपुगेको छ । वैद्य मोर्चा झन झन सशक्त हुन पुगेको छ । सुदूरपश्चिमको कञ्चनपुरबाट दुवै पार्टी चुनाव विथोल्न सहकार्य गर्ने र





जैसालाई तैसा गर्ने सन्देश सर्वाजनीक भएपछि शान्तिपूर्ण निर्वाचन नहुने आशंका बढेको छ ।

यता अध्यक्ष मोहन वैद्यले एउटा ठूलो शक्तिलाई बाहिर राखेर निर्वाचन हुनै नसक्ने, सेना परिचालन गरेर निर्वाचन भएपनि संविधान बन्नै नसक्ने दाबी गरेका छन् । संविधानविद्हरू भन्छन्, राज्य पद्दतिमा सहमति नभएर संविधानसभा विघटन हुन पुग्यो, यो निर्वाचन भइहाले पनि संविधान बन्दैन, संविधान बनिहाले पनि वैद्य र वैधानिक कोर्ष लिन सक्दैन । असहमितले गणतन्त्र नेपाल अरू अराजक र अस्थितर हुने निश्चित छ ।

एकातिर संविधानसभाको चुनाव भन्ने र अर्कोतिर आफ्नै पार्टीलाई बहुमत माग्दै हिंड्ने दलहरू यो चुनाव संसद कि संविधानसभाको ? भन्न सक्ने स्थिति छैन । कुन दललाई कंक्रिट के ? चाहना र

(बाँकी अन्तिम पेजमा)

## अंगिरसको चुनावी रस

काठमाडौं । चुनावी भद्रो हेरेर भविष्यवाणी गर्ने ज्योतिष हुन्- अंगिरस न्यौपाने । उनले बेस्वादको राजनीतिबाट मुख विगारीरहेका आम जनमासमा स्वादिलो रस बाँडेका छन्- मंसिर ४ को निर्वाचनमा प्रचण्ड चुनाव हार्छन् । यिनै चुनावी ज्योतिषले भनेका छन्- तर प्रचण्ड सिरहाबाट चुनावी जित्छन् ।

२०६४ सालको निर्वाचनमा प्रचण्डले काठमाडौं १०बाट चुनाव जितेका थिए । उनले कीर्तिपुरलाई घरै पिच्छे रोजगारी, त्रिविले अधिग्रहण गरेका जग्गाको आजको मूल्यमा क्षतिपूर्ति, विकास आयोजना दिने वचन दिएका थिए । चुनाव जितेपछि एकपटकमात्र कीर्तिपुर पुगेका प्रचण्डलाई युवाहरूले लखेट्ने प्रयास गरेका थिए । तिनै प्रचण्डलाई कीर्तिपुरले मत देलान् त ? यस्तो (बाँकी अन्तिम पेजमा)

# संविधानसभाबाटै राजसंस्था पुनःस्थापना

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले दोस्रो संविधानसभाको निर्वाचनबाटै मुलुकमा राजतन्त्रको पुनर्वहाली हुन सक्ने उद्घोष गरेका छन् । उनले आगामी संविधानसभाको समानुपातिक तर्फ आफ्नो पार्टीले बहुमत ल्याउने दाबी समेत गरेका छन् ।

राजधानीमा आईतबार आयोजित एक कार्यक्रममा थापाले भने हामीले समानुपातिक तर्फ बहुमत ल्याएपछि



राजतन्त्र पुनर्वहालीका लागि त्यति बेलाका प्रमुख राजनीतिक दलहरूसँग सहमति कायम गराइछाड्छौं । राजसंस्था जबर्जस्ती पाखा लगाएकै कारण पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेको दाबी समेत अध्यक्ष थापाले गरेका थिए । अहिले विदेशी चरम हस्तक्षेपले गर्दा राष्ट्रिय स्वाभिमान र अस्तित्व समाप्त हुँदै गएको आरोप थापाले लगाएका थिए ।

(बाँकी अन्तिम पेजमा)




# प्रहरी महानिरिक्षक आफैं हतोत्साहित

काठमाडौं । नेपाल प्रहरीका महानिरिक्षक कुवेर सिंह रानाले नेपालीसेनालाई समेत चुनावका बेला लाठी लिएर ड्युटीमा खटाउनु पर्ने प्रस्ताव गृह मन्त्रालयको वैठकमा राखेपछि गृह मन्त्रालयका अधिकारीहरू आश्चर्यमा परेका छन् ।

आउँदो संविधानसभाको निर्वाचन सुरक्षा योजनाको मुख्य कार्यान्वयनकर्ता नेपाल प्रंहरीका महानिरिक्षकले शुरूमै हतोत्साहित र हाँस्यास्पद प्रस्ताव वैठकमा राखेपछि गृह मन्त्रालय अन्तर्गतका अन्य सुरक्षा निकायका प्रमुखहरू आश्चार्य चकित भएका थिए । गत हप्ताको अन्त्यमा वाराका नेकपा एमालेका उम्मेद्वार आलमलाई अपरिचित व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाएपछि नेपाल प्रहरीका महानिरिक्षक आफै हतोत्साहित भएका छन् । प्रहरी महानिरिक्षक रानाले उक्त वैठकमै आलमलाई निर्वाचन अवधिभर भेन्टीलेटरमै राखेर उपचार गर्नु पर्ने प्रस्ताव

(बाँकी अन्तिम पेजमा)

# नेकपा-माओवादीका १० प्रश्न उम्मेद्वारलाई

काठमाडौं । नेकपा-माओवादीका सचिव देव गुरूङले ३३ दलिय मोर्चाको तर्फबाट पठाएको पत्रमा १० वटा प्रश्नको उत्तर खोजिएको छ । गुरूङ्ले पठाइएको भनिएको पत्र निर्वाचनमा उम्मेद्वार भएका सबैलाई पठाइने र उनीहरूलाई उम्मेद्वारी फिर्ता लिन आग्रह समेत गरीएको छ ।

निर्वाचनको नाममा विदेशी साम्राज्यवादी र विस्तारवादी दलालको छनौट गरीदैंछ, अत यस प्रकृयामा अथवा निर्वाचनको प्रकृयामा कुनै पनि देशभक्त र स्वाभिमानी नेपालीलाई संलग्न नुहन र सजग गराउन चहान्छौं, भन्ने पत्रमा उल्लेख गरिएको छ । जवर्जस्ती प्रायोजित निर्वाचन थोपरी द्वन्द्व निम्त्याउन खोजेको हुनाले आफ्नो उम्मेद्वारी फिर्ता लिई राष्ट्रिय



सहमतिको अभियानमा सहयोग पुर्‍याइदिन ३३ दलिय मोर्चाको तर्फबाट तपाईलाई हार्दिक आग्रह गरिन्छ भन्ने उल्लेख गरीएको छ ।

पत्रमा तत्कालीन प्रधानमन्त्री वावुराम भट्टराईले संविधानसभा विघठन गराउँदा दलहरूबीच भएको सहमती उंल्लघन गरेको आरोप समेत लगाइएको छ । २०६९ जेष्ठ १४ गते मध्यरातमा तत्कालीन प्रधानमन्त्री भट्टराईद्वारा संविधानसभा विघठन मात्र होइन दलहरूबीच व्यवस्थापिका संसदबाट संविधान लेख्ने भनि सहमतीको निर्णय हुँदा हुँदै व्यवस्थापिक संसद समेत किन विघठन गरियो ? त्यसैगरी दलहरूबीच राष्ट्रिय सहमति कायम गरीनु पर्दछ भनि अधिकांश दलहरूको आग्रह हुँदाहुँदै २०६९ फागुन ३० गते मध्यरातमा चारदलका नेताले प्राप्त लोकतान्त्रिक अधिकार हनन हुने गरी वहालवाला सर्वोच्च अदालतका प्रधानन्यायाधिशको नेतृत्वमा किन निर्दलिय सरकार गठन गरीयो ? यी प्रश्न उम्मेद्वारहरूलाई सोधिएको छ ।

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### बडादशैंले नेताहरूलाई समृद्धि देओस्

*पहिलो संविधानसभाको निर्वाचन पछि गठन भएका सबै सरकारहरु शान्ति सुरक्षा बहाली गर्दै संविधान निर्माण गर्नु पर्नेमा ति सबै सरकारहरु आफ्नो दायित्व र कर्तब्य निभाउन असफल र असक्षम भए । डा बाबुराम भट्टराई नेतृत्वको तत्कालीन सरकारले संविधान निर्माण गर्ने प्रमुख दायित्व पाएको संविधानसभाको हत्या गरेर मुलुकलाई शुन्यतामा ल्याएको हुनाले कथित ठूला दल भनिएका एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाले आफूहरुले मात्र सहमति गरेर सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीको नेतृत्वमा पूर्व प्रशासकहरु संलग्न भएको मन्त्रिपरिषद् गठन गरेर रेग्मीलाई निर्वाचन गराउने दायित्व सुम्पन पुगे ।*

*डा बाबुराम भट्टराईको नेतृत्वमा गठन भएको तत्कालिन सरकारले नेपाली कांग्रेस र नेकपा एमाले सहितका अन्य दलहरूलाई सहमतिमा लिन सकेको भए मुलुकले पहिला नै संविधान पाई सक्ने थियो । तर चरम अवसरवादी, दलगत स्वार्थ र ब्यक्तिगत स्वार्थमा लिप्त भएका मधेसवादी दलहरुको समर्थन मात्र तत्कालिन भट्टराई सरकारले लिएको हुनाले संविधान निर्माण हुन नसकेको सत्य वास्तविकता हो । भट्टराईकै पार्टीभित्र पनि आन्तरीक द्वन्द्व चर्किनु पनि संविधान निर्माण हुन नसक्नुको अर्को कारण हो । डा भट्टराईको नेतृत्वमा रहेको सरकारले मुलुकमा भण्डै १८ महिना शासन गरेपनि उक्त सरकारले समेत नेपाली जनताको पक्षमा सिन्को सम्म भाँच्न नसकेपछि भट्टराई सरकारले समेत नेपाली जनताको आशा एवं विश्वासमाथि तुषारापात गरेका थियो । खास गरेर नेपालमा राजनैतिक दलहरु सत्तामा पुगेपछि दलगत स्वार्थ भन्दा माथि उठ्न नसक्नु[illegible] नै मुलुकको लागि दुर्भाग्यको विषय हो । राजनीतिले कर्मचारीतन्त्रलाई सञ्चालन गर्नु पर्नेमा अहिले कर्मचारीले राजनीतिलाई सञ्चालन गरिरहेका हुनाले कर्मचारीहरुको सरकारले जनताका दैनिक समस्याहरु समाधान गर्न सक्ने अवस्था छैन ।*

*खिलराज रेग्मी सर्वोच्च अदालतका बाहालवाला प्रधानन्यायाधिश समेत हुन् । रेग्मीलाई काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको र चुनावी सरकारको नेतृत्व दिएको प्रति नेकपा-माओवादी सहितका अन्य दलहरुले विरोध गर्दै संघर्षमा गएको हुनाले २०७०को बडादशैं नेपाली जनताको लागि उत्साहवर्धक हुन सक्ने अवस्था छैन । नेकपा-माओवादीले मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन सक्रुयरुपमा बहिस्कार गर्ने निर्णय गर्दै सोही अनुरुप गर्न देशैभरका आफ्ना कार्यकर्ताहरुलाई निर्देशन दिएको हुनाले नेपाली जनताले उत्साहपूर्वक बडादशैं मनाउन सक्ने वातावरण देखिएको छैन । महँगीले आकाश छोएको छ । कालाबजारीयाहरु र केही भ्रष्टब्यात्तिहरु कमजोर सरकारको फाइदा उठाउँदै लुट्न ब्यस्त भएपनि त्यसतर्फ कसैको ध्यान जान सकेको छैन । यस्तो जटिल परिस्थिति मुलुकमा उत्पन्न हुँदा समेत जनताको सेवाका लागि गठन भएका भनिएका राजनैतिक दलहरु आ-आफ्नो दलगत स्वार्थकै लागि जनतालाई सत्तामा पुग्ने भऱ्याङ्[illegible] मात्र बनाउन खोज्ने प्रवृत्तिमा लागेका हुनाले २०७० सालको बडादशैं/तिहार र छटपर्व जस्ता महानचाडहरु जनताका लागि बोझ मात्र भएर आएका छन् ।*

*पहिलो संविधानसभाको निर्वाचन पछि सबै समस्याहरु समाधान हुनेछ भनेर जनतालाई ढाँट्ने नेताहरु अब चुनावमा आफ्नो पार्टीलाई दुइतिहाई मत दिएमात्र संविधान निर्माण हुने र मुलुकमा स्थिर सरकार गठन हुने भन्दै ठूला ठूला डंक पिट्ने पार्टीको नेतृत्वमा बनेको सरकार जनताले हेरी सकेका छन् । एमाओवादी पार्टीको नेतृत्वमा २ पटक सरकार बनेपनि त्यस्ले मुलुकमा विवाद मात्र उत्पन्न गऱ्यो । त्यसैगरी नेकपा एमालेको नेतृत्वमा समेत २ पटक नै सरकार बनेपनि त्यस्ले समेत जनताको पक्षमा सिन्को सम्म भाँच्न सकेन । अहिले फेरी तिनै पार्टीका तिनै नेताहरु आ आफ्नो पार्टीले सरकार बनाउन पाए मात्र मुलुकका समस्याहरु समाधान हुन्छ भन्दै जनतालाई ढाँटी रहेको हुनाले अब स्वयं जनतानै सजग हुनुपर्ने अवस्था सृजना भएको छ ।*

*पार्टीगत स्वार्थ र दलका केही नेताहरुको ब्यक्तिगत महत्वकांक्षाले गर्दा मुलुक असफल राष्ट्रतर्फ उन्मूख भएको छ । खिलराज रेग्मीको ब्यक्तिगत हठ र चारदलिय सिन्डिकेटको निषेधको राजनीति र राष्ट्रपतिको असफलताले गर्दा मुलुक पुन द्वन्द्वको मारमा पर्न सक्ने सम्भावना बढेर गएको हुनाले २०७० सालको महान पर्व विजयादशमीको महानपर्वले दलका नेताहरुलाई सदबुद्धि देओस्, पार्टीगत स्वार्थमा भन्दा राष्ट्रिय स्वार्थलाई हेरेर उनीहरु अगाडि बढ्न सकुन् ।*

*२०७० सालको विजयादशमीको उपलक्ष्यमा हामी सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनी तथा देश विदेशमा रहेका सम्पूर्ण नेपाली बन्धुहरुमा विजयादशमीको हार्दिक मंगलमय शुभकाना अर्पण गर्दछौं । त्यसैगरी यस साप्ताहिक पत्रिकाका शुभचिन्तक, पाठक, विज्ञापनदाता विक्रेता लगायत सबैको उत्तरोत्तर प्रगतीको कामना गर्दै विजयादशमी २०७० को हार्दिक मंगलमय शुभकामना ।*

# रेग्मीकै कारण मुलुक फेरि युद्धको चपेटामा

■ **देवेन्द्र चुडाल**

संविधानसभाको दोस्रो निर्वाचनका लागि प्रायः सबै दलहरूले आ-आफ्ना उम्मेदवारहरूलाई उम्मेदवारी दर्ता गर्न लगाएर आउँदो मंसिर ४ मा गर्ने भनिएको निर्वाचनलाई सुनिश्चित गर्न खोजेपनि जनतामा भने एक प्रकारको मनोवैज्ञानिक त्रास उत्पन्न भएको छ । उम्मेदवारी दर्तामा जुन प्रकारको उत्साह देखिएको थियो, त्यसलाई निर्वाचनको मितिसम्म कायम राख्न दलहरूलाई हम्मेहम्मे पर्न सक्छ । नेकपा-माओवादीसहितका ३३ दलले निर्वाचन बहिस्कारको नारालाई गाउँ गाउँ पुऱ्याएको छ । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यसहितका अन्य नेताहरू बहिस्कारको नारालाई बुलन्द गर्न मुलुकका प्रमुख शहरहरूमै पे[illegible]गेर सभा सम्मेलन गर्दै जनतालाई मतदान गर्न नजान अनुरोध गरिरहेका छन् । अर्थात् मुलुक अहिले दुई कित्तामा बाँडिएको छ । एउटा कित्ता जसरी भएपनि निर्वाचन गराएरै छोड्ने डंक पिटिरहेको छ भने अर्को कित्ता जुनसुकै हालतमा पनि निर्वाचन गर्न नदिने भन्दै आफ्नो बहिस्कारको नारा लिएर जनतासामु पुग्न थालेको छ । यी दुवै अतिवादी अभिव्यक्ति ले मुलुक कतै फेरि अर्को द्वन्द्वको चक्रमा त फस्ने होइन भने आशंका जनतालाई भएको छ । तत्कालिन नेकपा माओवादी (हालको एमाओवादी)ले चलाएको १० वर्षे जनयुद्धले गर्दा थाङथिलो भएको अर्थतन्त्र र विकास निर्माणले गतिलिन नसकिरहेको बेला फेरि मुलुक आन्तरिक द्वन्द्वमा फस्न सक्ने सम्भावना बढेपनि सरकार निर्माणका रणनीतिकार कथित ठूला दल भनिएका दलहरूले द्वन्द्वलाई रोक्न सक्ने भएपनि पार्टीगत स्वार्थ र केही व्यक्तिहरूको व्यक्तिगत महत्वाकांक्षाले गर्दा सर्वोच्च आदलतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीशबाट राजिनामा गर्न लगाएर अघि बढ्ने हो भने नेकपा-माओवादीसहितका असन्तुष्ट दलहरूको चुनाव विरोधी अभियान आफैं समाप्त हुन सक्छ ।

मुलुकलाई संकटमा फसाएर अनिर्णयको बन्दी बनाउने कथित चार ठूला दलहरू एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चा नै हुन् भन्ने आम बुझाई रहेको छ । यिनै चार दलले गत फागुन ३० गते ११ बुँदे राजनीतिक सहमति गरी त्यही सहमतिका अधारमा चैत्र १ गते संविधान संशोधन गरी बहालवाला सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णयमा अन्य दलहरूलाई वेवास्ता गर्नु नै समस्याको जड थियो । त्यो समस्या आजका मितिसम्ममा पनि जस्ताको तस्तै रहेको हुनाले त्यसलाई सुधार गर्नुपर्ने माग नेकपा-माओवादीसहितका अन्य ३३ दलले पहिला देखि नै राख्दै आए पनि चार दलीय सिन्डिकेटले त्यसलाई वेवास्ता गरेका हुनाले नेकपा-माओवादी सहितका अन्य ३३ दलले निर्वाचन बहिस्कारको कार्यक्रमलाई अगाडि सारेका हुन् । नेकपा-माओवादी सहितका अन्य दलले आफुहरू निर्वाचको विरोधी नभएको पटक पटक उद्घोष गरी सकेको अवस्थामा उनीहरूले राखेका सामान्य र जायज मागहरू पुरा गर्नुको वदला विरोध पानीका फोका हुन् भन्ने जुन अभिव्याक्ति मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले दिए त्यो आफैंमा आपत्तिजनक र गैरराजनैतिक चरित्रको घोतक हो । खिलराज रेग्मीलाई चार दलिय सिन्डिकेटले निर्वाचन गराउने प्रमुख दायित्व सुम्पिएका हुन् । उनले सबै पक्षलाई सहमतिमा ल्याएर स्वतन्त्र निष्पक्ष र धाँधली रहित निर्वाचन गराउनु पर्नेमा उनैको कारण नेकपा-माओवादी सहितका अन्य दलहरूले निर्वाचनमा भाग नलिनु दुःखद पक्ष हो । निर्वाचन वहिष्कारको पक्षमा वकालत गर्दै हिँडेका ३३ दलिय कार्यकर्ताहरूमाथि सरकारले दमन गरेको खण्डमा आफूहरूले हतियार उठाउने चेतावनी नेकपा-माओवादी अध्यक्ष मोहन वैद्यले दिइसकेको हुनाले अब कहिँकतै भिडन्त भएर अकालमा मानिसहरूको मृत्यु भएमा त्यस्को जिम्मेवारी चार दलिय सिन्डिकेट र रेग्मी सरकारले नै लिनु पर्दछ । एउटा व्यक्तिको व्यक्तिगत महत्वकांक्षा पुरा गर्नका लागि मुलुकलाई अनिर्णयको बन्दी बनाउन पाइँदैन । रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएको खण्डमा असन्तुष्ट पक्षहरूसँग कुनै चुनावी मुद्दा नै नहुने र मंसिर ४ मा गर्ने भनिएको निर्वाचन नेकपा-माओवादी सहितका ३३ दललाई चुनावी तयारीका लागि केही समय पछि सारेको खण्डमा मुलुकमा शान्तिपूर्ण रूपमा निर्वाचन हुन सक्ने अवस्था हुँदाहुँदै जवर्जस्ती रूपमा नेकपा-माओवादी सहितका अन्य ३३ दललाई निर्वाचन विरोधीको दर्जे दिएर निर्वाचनमा सहभागिता जनाउन नदिने षड्यन्त्र चार दल र रेग्मीले नै गरेको उनीहरूको पछिल्लो व्यवहारले प्रमाणीत गरेको छ ।

आफूहरूलाई प्रमूख दल भएको दावी गर्ने एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मेधसवादी दलहरूको मोर्चाले पहिलो संविधानसभाको गठन हुँदा देखि विघटन हुँदा सम्म उनीहरूले खेलेको भूमिकाको समीक्षा गरी अघि बढेको खण्डमा मात्र आउँदो निर्वाचनको औचित्य पुष्टी हुन्छ । ठूला दल भनिएका दलहरूले तत्कालीन संविधानसभामा रहेका साना दलहरूलाई उपेक्षा गर्दै चारदलले गरेका निर्णयहरूमा ल्याप्चेछाप लगाउन मात्र साना दलहरूलाई प्रयोग गरेका हुनाले अघिल्लो संविधानसभा असफल भएको हो । संविधानसभामा उपस्थित भएका सबै दलहरूको सहमति भएको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ । कुनै एउटा दल वा समूहले मात्र संविधानको विरोध गरेमा त्यो संविधान संविधान नभएर कागजको खोस्टामा परिणत हुने भएको हुनाले नै संविधानसभामा सबैदलको उपस्थिति अनिवार्य सर्त हो भनिएको हो । संविधानसभामा उपस्थिति जनाउनका लागि निर्वाचनमा जानु आवश्यक हुन्छ । पछिल्लो समयमा चार दलीय सिन्डिकेट र खिलराज रेग्मीले नेकपा-माओवादीलाई कमजोर आँकलन गरेर उनीहरूले केहीगर्न सक्दैनन् भन्दै निर्वाचनमा सेना परिचालन गर्ने निर्णय गर्नुले चार दलीय सिन्डिकेट र रेग्मी सरकार नेकपा-माओवादीसहितका अन्य ३३ दलसँग आतिएको सहजै अनुमान गर्न सकिन्छ । सेना परिचालन गरेर सम्पन्न गरिएको निर्वाचनलाई कसरी स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन भन्न सकिन्छ ? हतियारको भरमा गरिने निर्वाचनले सार्थक परिणाम दिन सक्ने ग्यारेन्टी के ?

पहिलो संविधानसभा अघि तत्कालि नेकपा माओवादी (हालको एमाओवादी)ले संविधानसभाले मुलुकको कायापलट गरिदिने अफवाह फैलाएर नेपाललाई १० वर्षभित्रमा स्वीट्जरल्यान्ड बनाई दिने भन्दै नेपाली जनतालाई ढाँटेर सोझा साझा जनताको मत बटुल्न सफल भए पनि अबको अवस्था त्यस्तो छैन । एमाओवादी विभाजित भएको छ । एमाओवादीका धेरै कार्यकर्ता र नेताहरू नेकपा-माओवादीमा गएका छन् । १० वर्षमा मुलुकलाई कायापलट गरिदिने उद्घोष गर्ने एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र अर्का नेता बाबुराम भट्टराईले सत्ताको बागडोर हातमा लिएका बेला नेपाली जनताको नाममा सिन्कोसम्म भाँच्न सकेनन्, त्यसको ठिक उल्टो जनता जनताबीच भिडाउने, धार्मिक क्षेत्रदेखि लिएर खेलकूद क्षेत्रमा समेत हस्तक्षेप गरेर पार्टीगत स्वार्थ पुरा गर्ने अनि दलगत स्वार्थ पुरा गर्ने गरी राज्य सञ्चालन गरेका हुनाले, उनीहरू दुवै जनताबाट छोटो समयमै आलोचित हुन पुगेका थिए । पहिलो संविधानसभाको निर्वाचनमा एमाओवादीले नेपाली जनतालाई सपना बाँडेको थियो । २०४६ सालको राजनीतिक परिवर्तन पछि नेकपा एमालेले समेत त्यस्तै सपना बाँडेको हुँदा उ दोस्रो पटक निर्वाचनमा दोस्रो स्थानमा रहन बाध्य भयो । सपना बाँडेर एक पटक जनताको मत लिन सफल भएपनि त्यो सधैंका लागि हुँदैन भन्ने प्रमाण त नेकपा एमालेले नै देखाई सकेको हुनाले अहिले हुन लागेको संविधानसभाको दोस्रो निर्वाचन पनि एमाओवादीका लागि त्यस्तै सपना मात्र हुनेछ । एमाओवादी नेतृत्वले नेकपा-माओवादीका कार्यकर्ता र समर्थकहरूले समेत आफ्नो पार्टीलाई मतदान गर्ने आंकलन गरेरै नेकपा-माओवादीसहितका अन्य ३३ दललाई निर्वाचनमा सहभागी गराउन नचाहेको प्रष्ट रूपमा देखिएको छ । एमाओवादी नेतृत्वको आँकलन सत्य हुन्छ हुँदैन, त्यो त आउँदो संविधानसभाको निर्वाचनपछिको परिणमले नै प्रमाणित गर्ने छ ।

२०६४ सालको चैत्र २८ गते नेपालको इतिहासमै संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनले विभिन्न नयाँ अनुहारहरूलाई पनि राजनीतिको पर्दा अगाडि देखिने अवसर दिए पनि उनीहरूले सो अवसरको सदुपयोग गर्नुको वदला आफ्नो पद, सत्ता र शक्तिको चरम दुरूपयोग गरी मुलुकलाई हिंसायुक्त द्वन्द्वमा धकेल्ने प्रयास गरी आवेगमा आएर कथित ठूला दल भनिएका दलका नेताहरूले संविधानसभाको वैठकलाई भन्दा कुनै अध्यारो कोठामा बसेर गरीएको निर्णयहरूलाई सदर गराउने र सभासद्हरूलाई आफूहरूले गरेका निर्णयमा साक्षी राख्ने कार्य मात्र गरे । ठूला दलका शिर्ष नेताहरू कहिले गोकर्णमा त कहिले धुलिखेलको होटलमा बसेर संविधानको खाका बनाउने भन्दै संविधानसभालाई एक प्रकारले तमासे सभामात्र बनाउने खेलामा लागेका हुनाले हत्या गरिएको संविधासभाका सदस्यहरूले संविधान कसरी बनाइदैछ, कस्तो हुन्छ भन्ने ज्ञान समेत आर्जन गर्न पाएनन् । सार्वभौमसत्ता सम्पन्न भनिएका जनताबाट चुनिएका प्रतिनिधिहरूले पार्टीगत स्वार्थबाट चुनिएका प्रतिनिधिहरूको खटनपटनमा बस्नु पर्ने वाध्यता पहिलो संविधानसभामा पनि थियो र आउँदो संविधानसभामा पनि त्यो दोहोरिने प्राय निश्चित जस्तै देखिएको छ ।

नेपाली जनताले संविधानसभाका लागि प्रत्यक्ष रूपमा २ सय ४० जनालाई मात्र मतदान गर्न पाउने र ३ सय ३५ जना समानुपातिक तर्फका उम्मेद्वारहरूलाई पार्टीको चिन्हमा मतदान गर्नु पर्ने भएको हुनाले ३ सय ३५ सभासदहरू जनताका प्रतिनिधि नभएर पार्टीका प्रतिनिधि हुने भएको हुनाले उनीहरू प्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी नहुने भएको हुनाले आउँदो संविधानसभाले समेत संविधान निर्माण गर्न सक्दैन । नेपाल जस्तो गरीब मुलुकमा समावेशीका नाममा ६०१ सभासदको संख्या पुऱ्याउनु नै दलहरूको गैरराजनीतिक चरित्र र जनताप्रति उत्तरदायीविहिन अवस्था हो । सभासदको संख्या कति राख्ने भनेर सार्वभौमसत्ता सम्पन्न नेपाली जनतामाझ कहिल्यै छलफल र बहसै नचलाई दलगत स्वार्थका लागि ६०१ सभासदको संख्या पुऱ्याइनु मुलुकलाई टाट पल्टाउने र केही व्यक्तिहरूको व्यक्तिगत महत्वकांक्षा पुरा गर्ने रणनीतिक चाल वाहेक अन्य केही हुन सक्दैन ।

devendrachudal@gmail.com

# राजतन्त्र कि परतन्त्र भन्ने स्थिति आयो



राजन कार्की

२७ वर्ष कठोर जेल जीवनबाट मुक्त भएका नेल्सन मण्डेलाले रंगभेदको अन्त्य गरेरै छाडे । महात्मा गान्धीले अंग्रेज शासनबाट भारतलाई स्वाधीन तुल्याए । मार्टिन लुथर किङले अमेरिकी अश्वेतमाथिको भेदभागको अन्त्य गराए । ली क्वान युले सिंगापुरलाई एसियाको स्वीटजरलेण्ड बनाए । प्रत्येक ठूला नेताको उद्देश्य हुन्छ, सपना हुन्छ । प्रचण्ड, बाबुराम र बैद्यको सपना के हो ?

भारतीय धोतीमुनी लुकेर आफ्नै जन्मभूमिमाथि जनयुद्ध गर्ने नेताहरूका कारण १७ हजार जनता मारिए । स्वबर्गकै लाशमाथि टेकेर १२ बुँदे दिल्ली सम्झौता गर्नेहरूले राजतन्त्र फाल्यौं भनेर धक्कु लगाए । राजतन्त्र कसले, कसरी र किन फाल्यो, सत्ता, स्वार्थ र सम्पत्तिको नशामा चूर भएकाहरूले अहिलेसम्म पनि पहिल्याउन सकेका छन् जस्तो लाग्दैन ।

२०४६ सालमा एसके सिंह आएका थिए दिल्लीबाट । दिल्लीले पठाएको प्रस्ताव थियो- नेपालको सुरक्षा र परराष्ट्रनीति भारतले हेर्न पाउनुपर्छ, आन्दोलन स्थगित गराइनेछ । राजा थिए, वीरेन्द्र, जसले यो प्रस्तावलाई ठाडै अस्वीकारमात्र गरिदिएनन्, जनताका सामु झुक्न तैयार भए, जनताका तर्फबाट उठाइएको माग मानिदिए । त्यसपछि आएको थियो बहुदल । विदेशी बलमा आएको कारण त्यो बहुदल १० वर्षे कूशासनमा परिणत भयो । भारतीय प्रस्ताव नमान्दाको मूल्य कति महगो पर्‍यो भने २०५८ सालमा दरवार हत्याकाण्ड नै घटाइयो । आफ्ना राजाको काजकिरिया छक्कापञ्जा नजान्ने जनताले गरे । यो हत्याकाण्डको ग्र्याण्ड डिजाइन मलाई थाहा छ भन्थे, गिरिजाप्रसाद कोइराला । कोइराला पनि त्यो डिजाइनको पर्दाफास नगरी नै बितेर गए ।

त्यसपछि माहिला भाइ ज्ञानेन्द्रलाई राजा बनाइयो । दिल्ली सम्झौता भइसकेको थियो, प्रचण्ड-बाबुरामहरू अँध्यारो कुनाबाट प्रकट भइसकेका थिए । तिनले आफ्ना लडाकाहरूलाई सडकमा उतारिदिए । सात दलको आन्दोलनले सडक छपक्कै ढाक्यो । यही बेला दिल्लीले फेरि दूत पठायो- डा.करण सिंह । काश्मिरका राजा हुनुपर्ने व्यक्ति, सोनिया गान्धीको दूत बनेर आए । तिनले पनि नेपालको सुरक्षा र परराष्ट्रनीति भारतको जिम्मा दिनुपर्ने प्रस्ताव लिएर आएका थिए । राजा ज्ञानेन्द्रले त्यो प्रस्तावलाई मानेनन् । २०६३ साल वैशाख ८ देखि ११ गतेसम्मको भित्री रहस्यमय चलखेल र बाहिरी जनआन्दोलन दुबैतिर परास्त बनेका राजा एक्लिए । त्यसपछि बाध्यभएर राजाले मरेको संसद ब्यूँताइदिए । जुन संसदले उनको अधिकार कटौति गरेर थपना बनाइदियो र त्यही प्रस्थानविन्दुबाट राजनीतिक दलहरू २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचनमा पुगे । संविधानसभा बन्यो र

**लोकतन्त्रवादी अथवा प्रजातन्त्रवादीले यत्तिमात्र बुझ्न जरूरी छ कि किन १९१९ मा जन्मेको अमेरिकी कम्युनिष्ट पार्टीको अस्तित्व अमेरिकी माटोमा फल्न फुल्न सकेन ? प्रजातन्त्रका लागि लडेका योद्धाहरूले नेपाली माटोमा कम्युनिष्ट विरूवामा मलजल गरे, गरिरहेका छन् ? के नेपालमा वीपीजस्ता प्रजातन्त्रवादीहरूको अनिकाल नै परेको हो त ? नेपाली कांग्रेसले बुझोस्, पूर्वराजाले बुझुन्, जन्मभूमिका लागि त्याग गर्ने जो कसैको पूजा हुन्छ, तिनीहरू नै अमर हुन्छन्, तिनीहरू नै प्रजातन्त्रका खम्बा बन्नेछन् ।**

संविधानसभाको २०६५ साल जेठ १५ गतेको बैठकमा चुनाव हरूवा कांग्रेसका नेता कृष्णप्रसाद सिटौलामार्फत गिरिजाप्रसाद कोइरालाले पठाएको प्रस्ताव पास गरेर राजतन्त्रको उन्मूलन गरियो । राजा ज्ञानेन्द्र त्यसपछि पूर्वराजाका रूपमा रहेका छन् ।

त्यसपछि माओवादीले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति स्वीकार गरेन । किन चाउरिस मरिच भनेझैं यही पीडाबाट गिरिजाप्रसाद कोइराला दिवंगत हुनपुगे । सत्ताको लगाम प्रचण्डको हातमा आइसकेको थियो । प्रचण्डपछि चुनाव हरूवा माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई र अहिले प्रचण्डकै प्रस्तावमा प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकार छ । यी सबै कम्युनिष्ट सरकारहरूले सीमा अतिक्रमणबारे बोलेनन्, हाम्रा खोलाजति विदेशीका झोलामा हालिदिए, वर्कपरमिट त परको कुरा, विदेशीलाई खुल्ला रूपमा नागरिकता बितरण गरिदिए । १९५० को सन्धिको बिरोध गर्ने कम्युनिष्टहरू त्यो सन्धिको नाम लिन डराउँछन्, बरू बिप्पा सन्धि गर्न पुगे । बाबुराम त्यस्ता कम्युनिष्ट नेता जसले नेपालको शासनको साँचो विदेशमा रहेको र छिटै नेपाल उत्तर वा दक्षिणतिर मर्ज हुनसक्छ भन्ने कुरा बोले । यिनले सम्पूर्ण सुरक्षाको गोप्यता भङ्ग हुनेगरी एयरपोर्टको व्यवस्थापन नै भारतलाई दिने सहमति जनाए । खिलराज रेग्मीले त एयरपोर्टको अध्यागमन कन्ट्रोल र भारतीय बिमानमा एयरमार्शल राख्न स्वीकृति दिइसकेका छन् । यो चर्चा यसकारण जरूरी छ कि जनताका सामु झुक्ने र जनइच्छा नै राजतन्त्रको गरिमा हो भन्ने पूर्वराजा र देशभक्तिको भाषण गरेर सुगर कोटेड प्वाइजनजस्तो काम गर्ने नेताहरूमा कुन सुन हो, कुन पित्तल ? जनताले कसी लगाउने बेला आयो ।

अर्को महत्वपूर्ण प्रश्न छ- सुरक्षाविद, अधिकारकर्मी, कानुनविद र समाजशास्त्रीहरूलाई । मुलुकमा यति ठूलो राजनीतिक अपराध पन्पिएको छ कि यी अपराधहरूका बारेमा सबै जिब्रो तालुमा टाँसेर बसेका छन् । के यिनीहरू सबै भयभित छन् ? कि स्वार्थका बसमा परेका हुन् ? हुन त नेपालको सत्ता इतिहास भनेको हतियारले लेखिएको छ र सिधासादा जनता शक्तिको आराधना गर्ने गर्छन् । अहिले पनि घुमाउरो तरिकाले हतियारको राजनीति चलेको र चर्केको छ । आगामी निर्वँचनमा प्रत्येक बुथमा एउटै पार्टी दुईसय पचाससम्मका तालिमप्राप्त युवा तैनाथ गर्ने योजना बनाइरहेका छन् । ठूला पार्टीहरू चुनाव जितिछाड्ने ठूलै चलखेलमा व्यस्त देखिन्छन् । जो अरूमाथि निरङ्कूश र प्रतिगमनकारीको आरोप लगाउँछन्, तिनको यस्तो अलोकतान्त्रिक रूपभन्दा ठूलो प्रतिगमन अरू कुन होला र ? लोकतान्त्रिक निर्वाचनको नाममा देखिएको यो प्रतिगमन कतै १९७५ को कम्बोडिया अथवा वर्तमान अफगानिस्तानको जस्तो नहोस् । जहाँ पोलपोट र अतिवादले दशौंलाख जनताको नरसंहार मच्चाए ।

नेपालको वर्तमान कालखण्ड कम्बोडियासँग बढी मेल खान्छ । बुद्धिष्ट राजा नरोद्दम सिंहानुकलाई सीआइएले अपदस्त गरेर लोननोलको शासन स्थापित गराइयो । जसले कम्बोडियाली जनताको रगतको होली नै खेल्यो । सिंहानुकले लेखेको 'माई वार वीथ सीआईए' पढ्ने जो कोही धुरू धुरू रूने गर्छन् । क्रिश्चियन चक्रव्यूहमा फसेपछि आजसम्म पनि गणतान्त्रिक धर्मनिरपेक्ष कम्बोडियामा बुद्धिष्टहरूमाथि अत्याचार जारी छ । नेपालमा त्यस्तै भयो । जनादेश नै नलिई राजनीतिक दलहरूले मिलेर हिन्दूराष्ट्र नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे । पोहरसालै चर्चा चुहिएको थियो कि पूर्वराजा ज्ञानेन्द्र पुस्तक लेख्दैछन् । उनले लेखेको पुस्तक सार्वजनिक भइदियो भने त्यो अर्को बमसेल हुनेछ । तर दुर्भाग्य, सहनशील र जाति, भाषा, धर्म, भेगमा मानसिकता बिभाजित भइसकेका जनताले पूर्वराजाको पुस्तकलाई राम्ररी बुझ्ला र हराएको एकता खोज्ने प्रयास गर्ला ? शंकै छ ।

भन्न खोजिएको के हो भने, २०६३ सालको परिवर्तनपछि पूर्वराजाले कुनै हस्तक्षेप गरेनन्, कुनै बाधा पनि खडा गरेनन् । तर, राजनीतिक दलका नेताहरूले शान्ति, स्थायित्व, सुशासन, सुरक्षा केही पनि उपलब्धि हासिल गर्न सकेन । आज नेपाल भनेको भ्रष्टाचारी मुलुकमा दर्ता हुनपुगेको छ । असफल राष्ट्रका सबै बिशेषताहरू विद्यमान देखियो भनेर विश्व बैंकलेसमेत भनिसक्यो । यति हुँदा पनि राजनीतिक नेताहरू उही गुह्य गन्दका किरा मनस्थितिबाट मुक्त हुनसकेका छैनन् । उनीहरू व्यक्तिगत स्वार्थको सीमा नाघेर राष्ट्रिय स्वार्थ सोच्नै सक्दैनन् । भाषण गर्ने बेलामा अर्जुनदृष्टि, घनिभूत छलफलका कुरा गर्छन् तर व्यवहारमा नालीको किरो नालीमै । स्वर्ग र सुँगुरको कथाजस्तो छ नेपाली नेताहरूको राजनीति ।

सुपथ र मुफतको एउटा सुझाव :

भारतको सारनाथमा निर्वासित जीवन बिताइरहेका वीपीलाई भेट्न एकपटक सिक्किमका लेण्डुप दोर्जी पुगेका थिए । वीपीले उनलाई भनेका थिए- नेपालका राजासँग मेरो ठूलो मतभिन्नता छ । तैपनि म राजतन्त्र हटोस् भन्ने चाहन्न । राजतन्त्र र प्रजातन्त्र रहेन भने दुबैको बिनास अवश्यम्भावी छ । लेण्डुपले १९७५ मा इन्दिरा गान्धीको पक्षमा उभिएर आफ्नै राजासँग द्रोह गर्दा सिक्किम भारतमा बिलय भयो । आज न सिक्किमको स्वतन्त्रता छ, न राजतन्त्र । नेपालमा वीपीका भाइ जीपीले प्रचण्ड र विदेशीको पक्षमा उभिंदा राजतन्त्रमात्र गएन, नेपाली कांग्रेसको स्वत्व, सिद्धान्त र अस्तित्व मटियामेट हुनगएको छ । कम्युनिष्ट र विदेशीको बोलवाला हुनपुगेको छ । राष्ट्रियता संकटमा परेको छ । त्यसै भनिएको होइन, कुनै पनि राजतन्त्रले राष्ट्रियता बेच्दैन । आज पनि सिक्किमका मुख्यमन्त्री पवन चामलिङ् नेपालीलाई भन्ने गर्छन- तपाईहरूसँग राष्ट्र छ, यसलाई बचाउनोस् । हातमा भएको गुमाएपछि सान गरेर पाइदैन ।

स्टेटम्यान हुन ५४ हजार बर्गमाइलजत्रो छाती चाहिन्छ । जुनसुकै जाति वा क्षैत्रका हुन्, हेर्ने आँखामा पूर्वाग्रह हुनुभएन । निषेध र बिभेदको विष बृक्ष बोक्नेहरूले सबैलाई समान छायाँ प्रदान गर्न सक्दैन । ०६३ सालको जनआन्दोलनपछि जनताका माझमा उभिएका नेताहरूले राज्य होइन, जंगलराज चलाए । जंगलराजकै कारण संविधान बनेन, संविधानसभाको अर्को निर्वाचनसमेत शंकाको सिकार बनेको छ । नेता असल नभएपछि जनताले रगतको आँसु पिउनुपर्छ भन्ने भनँइ नेपाल र नेपालीले भोगिरहेका छन् ।

लोकतन्त्रवादी अथवा प्रजातन्त्रवादीले यत्तिमात्र बुझ्न जरूरी छ कि किन १९१९ मा जन्मेको अमेरिकी कम्युनिष्ट पार्टीको अस्तित्व अमेरिकी माटोमा फल्न फुल्न सकेन ? प्रजातन्त्रका लागि लडेका योद्धाहरूले नेपाली माटोमा कम्युनिष्ट विरूवामा मलजल गरे, गरिरहेका छन् ? के नेपालमा वीपीजस्ता प्रजातन्त्रवादीहरूको अनिकाल नै परेको हो त ? नेपाली कांग्रेसले बुझोस्, पूर्वराजाले बुझुन्, जन्मभूमिका लागि त्याग गर्ने जो कसैको पूजा हुन्छ, तिनीहरू नै अमर हुन्छन्, तिनीहरू नै प्रजातन्त्रका खम्बा बन्नेछन् । नेपाली कांग्रेस र पूर्वराजा कति सुतिरहने, ब्यूँझने बेला भएन ?

## नेकपा-माओवादीको पहिलो निशाना दाहाल

काठमाडौं । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले आफ्नो पार्टीलाई निर्वाचनमा जान एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले रोकेको आरोप लगाएका छन् । अध्यक्ष वैद्यले आफ्नो पार्टीका नेवा, ताम्सालिङ, भोजपुरा र तमुवानका केन्द्रिय सदस्यहरूलाई शनिवार पार्टी कार्यालय बुद्धनगरमा बोलाएर यस्तो सर्कुलर जारी गरेका हुन् ।

केन्द्रिय सदस्यहरूलाई वैद्यले भन्ने दाहालका कारण वार्ता भाँडियो । हामीलाई चुनावमा जान नदिने पनि दाहाल नै हुन् । चुनावमा सेना परिचालन गर्ने प्रस्ताव राख्ने पनि दाहाल नै हुन् । हामीलाई जसरी भए पनि सिध्याउन खोजियो समग्रमा भन्दा दाहाल नै अहिलेको प्रमुख बाधक भएका हुनाले अब हाम्रो निशाना पनि दाहाल नै हुन् वैद्यको भनाई उद्धृत गर्दै एक केन्द्रिय सदस्यले बताए । दाहालप्रति आक्रोशित



भएका वैद्यले चारवटै राज्य समितिका रिपोर्ट आएपछि ति कुरा बताएका हुन् । एक नेताका अनुसार उच्चस्तरीय राजनीतिक समितिका सदस्यहरू जाने, जिल्ला बन्द गर्ने , उम्मेदवारी फिर्ता गर्न अन्तिम समयसम्म आग्रह गर्ने र कात्तिक २५ गते देखि मंसिर ५ गते अर्थात् १० दिने आमहड्ताल सफल पार्ने अभियानमा अहिले देखिनै जुट्न तल्लो तहका नेताहरूलाई निर्देशन दिएका छन् । वैद्यले अन्तिममा भने हाम्रो निशाना दाहाल र भ्रष्ट व्यक्तिहरू नै हुन्, प्रायः भ्रष्टव्यक्ति अहिले एमाओवादीभित्र रहेका छन् ।

वैद्यले गत असारमा उपाध्यक्ष सिपी गजुरेलको नेतृत्वमा संयुक्त मोर्चा बनाएर निर्वाचनको उपयोग गर्ने प्रस्ताव राखेका भएपनि अधिकांश सदस्यहरूको समर्थन हुँदाहुँदै पनि सचिव नेत्रविक्रम चन्द 'विप्लव'को असहमतिका कारण वैद्यको प्रस्ताव असफल भएको थियो । यसैबीच नेकपा माओवादीका सचिव देव गुरूङले ३३ दलीय मोर्चाको संयोजकको हैसियतमा निर्वाचनमा उम्मेदवार भएका सबै दलका उम्मेदवारलाई उम्मेदवारी फिर्ता लिन आग्रह गर्दै पत्र पठाएका छन् । पत्रमा १० प्रश्नको जवाफ समेत खोजिएको छ । निर्वाचनका नाममा विदेशी साम्राज्यवादी र विस्तारवादी दलालको छनोट गरिँदैछ, अतः यस प्रक्रियामा कुनै पनि देशभक्त र स्वाभिमानी नेपालीलाई संलग्न नरहन आग्रह गर्दछौं, भनिएको छ ।

ग्रामीण लघुवित्त संस्थाहरुको सहयोगी....

**साना किसान विकास बैंक लि.**

**लघुवित्तको कार्यक्रम मार्फत ग्रामीण समुदायको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण गर्ने कार्यमा सघाउ पुर्‍याउने उद्देश्य लिएको यस बैंकले देशभरि आठ वटा इलाका कार्यालयहरु र केन्द्रीय कार्यालय मार्फत ५४ जिल्लामा साना किसान कृषि सहकारी संस्था लि. हरु र समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरु मार्फत थोक कर्जा उपलब्ध गराउँदै साना किसानहरुको सेवामा समर्पित रहँदै आएको छ । साथै नेपाल सरकार तथा दातृसंघ/संस्थाहरुबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम संचालनमा सहयोग एवं संस्थाहरुको सवलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग जस्ता कार्यहरुमा समेत सहयोग पुर्‍याउँदै आएको छ । यस बैंकको वेभसाईट** www.skbbl.com.np **बाट थप जानकारी लिन सकिने छ ।**

**साना किसान विकास बैंक लि.**

केन्द्रीय कार्यालय, सुविधानगर, काठमाडौं
फोन नं. ०१-४१११-७५२/८२८/९२३
फ्याक्स: ०१-४१११-९०१

# Deplorable Fate of the Sikhs in India

■ Pr.Ali Sukhanver

Addressing the 68th UN General Assembly, the Indian Prime Minister Man Mohan Singh raised his serious concerns over terrorism coming to India from across the border. He also spoke on Security Council reform and reiterated that diplomacy be given a chance in resolving the crisis in Syria and Iran. He said, "We believe that if there's a strong India, that's good for the world, and it's ultimately good for the US." If the honourable Prime Minister had viewed The New Indian Express of 4th September 2013, before addressing the UN General Assembly, he would certainly have added a few lines in his speech regarding the deplorable condition of the Sikh community in India. According to The New Indian Express, US Federal Court, New York, has summoned Sonia Gandhi for shielding and protecting leaders and workers of her party who were allegedly involved in the 1984 anti-Sikh riots. The 27-page complaint against Sonia Gandhi alleges that between Nov 1 and 4, 1984 about 30,000 members of the Sikh community "were intentionally tortured, raped and murdered by groups that were incited, organized, controlled and armed" by the ruling Congress party. The complaint petition against Sonia Gandhi was filed by a US based Sikh organization called 'Sikhs for Justice.' According to the details published in various international newspapers, 1984 was the ever worst year for the Sikh community in India. It was the year in which hundreds of Sikhs were brutally murdered, innocent children were ruthlessly stabbed to death and Sikh women were mercilessly raped. Sikh properties were looted, destroyed and usurped by hooligans who were involved in a very well organized cleansing of entire Sikh community under the state command and guidance. After this merciless massacre countless members of the Sikh community silently left India and migrated to other countries leaving behind them their homes and Gurdwaras which once used to be the centre of their joys and happiness. And those who couldn't leave the country were forced to live a life of continuous shame and disgrace. Now even after 28 years it seems impossible for the Sikh community in India to forget the abusive crimes committed by Indian Congress activists in 1984.

A few weeks back, I had a chance of going through a heart rending article written by Sarabjot Kaur, 'Indian Film Art: A Vehicle to Humiliate Sikhs'. The honorable writer says, "India proclaims to be a secular country. Hindu, Muslim, Sikh, Isai, hum sab hain bhai bhai. The slogan means, Hindu, Muslims, Sikhs and Christians are all brothers and therefore equal. I have been hearing this slogan from Hindu politicians since I was a young child. I have had the realization many times that these lines are a part of a larger propaganda initiated by the Indian State. I have found repeatedly that India is a Hindu country and it treats its minorities as second-class citizens. There is a serious disparity between precepts and actions." The writer further narrates, 'One day, I was watching movie awards on the television. An actress, Shilpa Shetty, was performing a group dance on stage. She climbed at the back of two Sikhs as if she were riding a bullock cart and the two Sikhs were swinging their heads and she was dancing above them and all other participants were dancing around them. What to talk about the young boys and girls, even small kids are effected negatively by India's stereotyping of Sikhs. My nephew is in Nursery school. One day he asked his mother, "Mamma, do Sikhs go crazy at noon?" When his mother asked him from where he had heard this, he replied that one of his Hindu class-mates had told him in the class. Such is the grave impact of media in a country that calls itself the world's largest democracy.'

Hartosh Singh Bal is the political editor of the Open Magazine. In one of his recent article on the 28th anniversary of 1984 massacre, he has given very pathetic comments, "The 28th anniversary of the massacre of 3,000 Sikh men in New Delhi in retaliation for the assassination of Indira Gandhi by her bodyguards passed largely in silence again. None of the major political figures from the Congress Party who are said to have been involved in the killings has been convicted, and no one in the administration has been held accountable." The Incredible India has become a hell not only for the Sikh community but for all other minorities as well. Be it the Muslims or the Christians, the Buddhists or the Sikhs, it is the fate of all of them to face a bloody genocide and ruthless massacre time and again. And more unfortunate is the fact that those involved in this type of cruelty are always awarded and honored at national level. The petition filed in the US Federal Court against Sonia Gandhi is a proof that the Sikhs are not only maltreated in India but are also denied justice. Let us see what would be the fate of this petition but one thing is very much clear that the Sikh community is not going to support the Congress in the upcoming elections.

# मोवाइलले घरजम बिथोलिन थाल्यो

जमुना शर्मा

विवाह भएको सात महिनासम्म हाँसिखुसी रहेको सोनु क्षेत्री (नाम परिवर्तन) को पारिवारिक जीवन आठौँ महिनामा पुगेपछि तनावपूर्ण बन्न थाल्यो । 'प्रिय मैले तिमीलाई अझै भुल्न सकेको छैन ।' यही एसएमएस थियो जसले उनको सुखी पारिवारिक जीवनलाई दुःखतिर मोडिदियो ।

कुनै केटाको नामबाट आएको उक्त एसएमएस संयोगवश सोनुका श्रीमान्ले पनि पढे । तर, उनले तत्काल कुनै प्रतिक्रिया जनाएनन् । सोनुलाई लाग्यो- श्रीमान्ले यो एसएमएस देखेका छैनन् । उनले हत्तपत्त मेसेज डिलिट गरिन् ।

उनको मोबाइलमा यस्तै एसएमएस निरन्तर आउन थाले । पहिलो मेसेजपछि निगरानीमा रहेको सोनुको मोबाइलमा आएको अर्को मेसेज पनि उनका श्रीमान्ले पढे । त्यसपछि सुरू भयो सुन्दर परिवारमा तनावपूर्ण स्थिति । स्नातक अध्ययनरत सोनु एक बैंकका कर्मचारीसँग आठ महिनाअघि विवाहबन्धनमा बाँधिएकी थिइन् । धुमधामसँग गरिएको मागीविवाहमा उनका माइती पक्ष र घरतिरका सबै खुसी र दङ्ग थिए । तर, विवाहको वर्षगाँठ पुग्न नपाउँदै सोनुको जीवनमा एसएमएसले तनाव ल्याइदियो ।

अहिले श्रीमान्ले सोनुलाई राम्रो व्यवहार गर्दैनन् । बारम्बार श्रीमान्ले एसएमएस पठाउने व्यक्तिको नाम लिएर आफूलाई अभद्र व्यवहार गर्ने गरेको सोनुको भनाइ छ । 'ऊ मेरो राम्रो साथी मात्र हो, उसले कहिल्यै पनि आफूलाई प्रेमिकाको जस्तो व्यवहार गरेन । तर, विवाह भएपछि भने उसले त्यस्तो कुरा प्रकट गरेको छ,' सोनु भन्छिन्, 'यो मेरो वैवाहिक जीवन बिथोल्ने नियत मात्र हो ।'

यो घटनापछि श्रीमान्ले सोनुलाई शङ्का मात्र गर्न थाले । सोनुले आफ्ना श्रीमान्लाई सम्झाउन सकेकी छैनन् । कुनै सम्बन्ध नभई पुरूषले यसरी एसएमएस पठाउन नसक्ने उनका श्रीमान्को दाबी छ ।

तनहुँकी सङ्गीता सोनीको त एसएमएसकै कारण सम्बन्धविच्छेद भएको छ । एक छोरीकी आमा उनी विदेशमा रहेको अपरिचित मान्छेले बारम्बार मेसेज पठाउँदा उनका श्रीमान्ले शङ्का गरे । श्रीमान्ले 'तँ मेरी नभई अरूकी नै रहिछेस्' भन्न थालेपछि उनी माइतीको शरणमा पुगिन् । सङ्गीताले अपरिचित व्यक्तिको मेसेजको खुरूखुरू जवाफ फर्काउँदा समस्या बढेको थियो । 'मैले त साथीको रूपमा पो जवाफ दिएकी हुँ,' उनको भनाइ छ । तर, श्रीमान्ले कुरा नबुझ्दा सम्बन्ध बिग्रियो र उनी अहिले एक छोरीका साथ माइतीमै बसिरहेकी छिन् । प्रविधिको विकाससँगै महिलाले भोग्ने समस्याको स्वरूप पनि बदलिएको छ । इमेल तथा इन्टरनेट र मोबाइलले जसरी मानिसको जीवन सहज बनाएको छ, यसको गलत प्रयोगले केही महिलाको जीवनमा समस्या पनि निम्त्याएको छ ।

२५ वर्ष नाघेकी रमा विकलाई मोबाइलमा आउने एसएमएसले अप्ठ्यारोमा पारेको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रीमान्ले मोबाइलमा आएको एसएमएसका कारण उनको चरित्रमाथि शङ्का गर्दै विभिन्न आरोप लगाएपछि पारिवारिक जीवन तनावपूर्ण बनेको छ । बोर्डिङ स्कुलकी शिक्षिका रमालाई उनका केटा साथीले पठाउने गरेका केही एसएमएसलाई लिएर विभिन्न आरोप लगाउँदै श्रीमान्ले दुःख दिन थालेको उनको भनाइ छ । 'अति सामान्य एसएमएसका विषयमा समेत श्रीमान्ले यो मान्छेले किन सधैँ एसएमएस पठाइरहन्छ भन्छन्,' उनी भन्छिन्, 'कतिपय साथीहरूले के छ ? खाना खायौ भनेर सोधेको एसएमएसलाई पनि श्रीमान्ले शङ्का गर्छन् ।' श्रीमान्बाट मात्र होइन, महिला दाइभाइबाट पनि उत्तिकै शङ्काको घेरामा छन् मोबाइलका कारण । महिलालाई नियन्त्रण मात्र गर्न खोजिन्छ । जनप्रिय क्याम्पसमा प्लस टु अध्ययनरत सीमा चौलागाईं यस्तै नियन्त्रणमा परेकी छिन् । उनीसँग यतिबेला मोबाइल छैन । 'केटा साथीले पठाएको एसएमएस देखेपछि दाइले खोसिदिनुभयो,' उनी भन्छिन्, 'मोबाइलमा फोन आए पनि निगरानी एसएमएस आए पनि निगरानी हुन्छ ।'

मोबाइलले यस्ता थुप्रै घटना निम्त्याएको छ । यसको सबैभन्दा ठूलो मारमा महिला पर्ने गरेका छन् । विवाहित होस् वा अविवाहित महिलाले एसएमएसका कारण तनाव खेप्नुपरेको छ । प्रविधिको दुरूपयोग गर्दै गरिने महिलामाथिका यस्ता हिंसाबारे अधिवक्ता भगवती पहारी भन्छिन्, 'यो महिलाको व्यक्तिगत स्वतन्त्रतामाथिको हस्तक्षेप हो ।' व्यक्तिको स्वतन्त्रता सबैभन्दा ठूलो कुरा हो, तर महिलालाई पुरूषले आफ्नो निजी सम्पत्तिका रूपमा लिने गरेकाले यस्ता समस्या आउने गरेका छन् ।'

आफूले विवाह गरेकी श्रीमती कसैसँग बोल्नुहुँदैन, कसैलाई हेर्नुहुँदैन भन्ने मानसिकताले गर्दा महिलाको व्यक्तिगत स्वतन्त्रतामाथि हस्तक्षेप भइरहेको छ । महिलाको इच्छाविपरीत पठाइने यस्ता एसएमएसहरूले महिला हिंसालाई बढावा दिइरहेको छ । अधिवक्ता पहारी भन्छिन्, 'महिलामाथि हिंसा र पुरूषलाई तानाशाह बनाउने काम भइरहेको छ, यो दण्डनीय अपराधजन्य कार्य हो ।'

पुरूषले अरूको पारिवारिक जीवनको ख्याल नगरी एकतर्फी रूपमा पठाउने यस्ता मेसेजले कतिपय महिलाको परिवार तहसनहस हुने गरेको बताउँछिन् महिला अधिकारकर्मी सवनम शर्मा । समाजमा एकपछि अर्को गर्दै महिलामाथि हुने हिंसाका नयाँ रूप देखिइरहेका छन् । यस्ता घटनाबाट धेरै महिला पीडित भए पनि कानुनी प्रक्रियामा जान भने चाहँदैनन् । धेरैलाई त उजुरी गर्न पाइन्छ भन्ने पनि थाहा छैन । अर्कातिर झन्झटिलो कानुनी प्रक्रियाले झनै निरूत्साहित गरेको छ । वैवाहिक नाता विश्वासमा अडिएको हुन्छ । तर, 'महिलाका हरेक गतिविधिलाई सङ्कुचित मानसिकताले हेर्दा क्षणभरमै परिवारमा विखण्डन आउन सक्छ,' अधिकारकर्मी शर्माको भनाइ छ ।

मानिसको जीवनलाई सहज बनाउने प्रविधिले अप्ठ्यारो परिस्थितिसमेत सिर्जना गर्न थालेपछि नेपालमा पनि विद्युतीय कारोवार ऐन, २०६३ कार्यान्वयनमा छ । साइबर अपराध गर्ने व्यक्ति वा समूहलाई कारबाहीको दायरामा ल्याउन नियमावली पनि आइसकेको छ । ऐनको दफा ४७ अनुसार यस्ता अपराध गर्ने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था पनि छ । तर, कानुनी प्रावधानको उपयोग गर्दै यस्ता घटनाका पीडितले प्रहरीसम्म उजुरी नै गर्दैनन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवम् प्रहरी निरीक्षक रवीन्द्र पौडेलका अनुसार मोबाइलमा आउने यस्ता प्रकृतिका मेसेजले धेरै महिला पीडित हुने गरेका छन् । 'हिजोआज यस्तो समस्या लिएर दैनिक दुई/तीनवटा उजुरी आइरहन्छन्,' उनी भन्छन्, 'धेरैजसो छलफलमै मेलमिलाप गर्न रूचाउँछन् । उनीहरूमा कारबाही गराउनेभन्दा पनि अब नदोहोरियोस् भन्ने चाहना हुन्छ ।'

## बैदेशिक रोजगारमा जान चाहनेले ध्यान दिनु पर्ने कुरा

- जानु अघि आम्दानी र खर्चको राम्रोसँग तुलना गर्नु पर्दछ, खर्च बढी हुने गरी अरूको लहलहैमा र उक्साहटमा लागि बैदेशिक रोजगारमा जानु हुँदैन । आफ्नो सीप र क्षमता अनुसार स्वदेश भित्र पनि रोजगारीको अवसर हुन्छन । त्यसको ख्याल गर्नु पर्दछ ।
- वैदेशिक रोजगारमा जानु पर्दा के काममा जाने हो ? यकीन भई कामसँग सम्वन्धित सीप सिकेर मात्र जानु पर्छ । (जस्तै सिकर्मी, डकर्मी, ऋबचउभलतभच, ध्ष्ततभच, ऋययप, भ्भिअतचष्अष्बल, एगिदभच, म्चष्खष्लन, ःबअजष्लभ इउभचबतयच, ऋबचभ न्ष्खभच, ऋभिबलभच आदि)
- तपाईलाई वैदेशिक रोजगारमा पठाउने मान्छे ठग दलाल पनि हुन सक्छ तुरून्तै भर नपर्नुहोस । जान्ने बुझ्नेसँग छलफल र सल्लाह गर्नुहोस । तपाईको गाउँका शिक्षक, गा.वि.स सचिव, सामाजिक परिचालकले सहयोग गर्न सक्दछन । यसका अतिरिक्त गाउँमा पारालिगलका सदस्य वा सचेतना समूहका सदस्य भए सल्लाह दिन सक्दछन ।
- बैदेशिक रोजगारमा जाँदा भरपर्दो मेनपावर कम्पनी बुझेर मात्र जानुपर्दछ । सकभर व्यक्तिगत भीषामा जानु हुँदैन ।
- बैदेशिक रोजगारमा जान वैदेशिक रोजगार बिभागवाट अनिवार्य रूपमा श्रम स्वीकृति लिनु पर्दछ । यसरी श्रम स्वीकृति लिएर गएमा अप्ठयारोमा पर्दा सरकारवाट उद्धार गर्न सहयोग मिल्छ । साथै कुनै प्रकारको दुर्घटनामा परेमा वा बिरामी भएमा आर्थिक सहायता र औषधि उपचार खर्च प्राप्त हुन्छ ।
- जानु भन्दा अघि कम्तिमा २ वर्षका लागि बीमा गराउनु पर्दछ, साथै स्वास्थ्य परीक्षण गराउनु पर्दछ ।
- काम गर्न जाने देशको रहन सहन, धर्म संस्कृति, व्यवहार, चालचलन, कार्य वातावरण हवाई यात्रा बारेमा जानकारी लिन अनिवार्य रूपमा पूर्व प्रस्थान अभिमुखीकरण तालीम लिनु पर्दछ । यो तालीम लिन रू.७००।- मात्र खर्च लाग्दछ ।
- आफूले काम गर्न जाने कम्पनीसँग गर्ने काम, तलव, सुविधा सम्वन्धमा बुझेर करार गर्नु पर्छ । करार नेपाली भाषामा पनि गर्नु पर्ने हुन्छ ।
- भीषा प्राप्त भएपछि मात्र कम्पनीलाई पैसा बुझाउनु पर्दछ । जसलाई पैसा बुझएपनि भरपाई वा रसिद लिनु पर्छ ।
- स्वदेशी विमानस्थल (त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल) वाट मात्र जानुपर्छ नत्र ठगिमा पर्न वा हिंसामा पर्न सकिन्छ । उजुरीको लागि प्रमाण समेत जुट्दैन ।
- पासपोट, भिषा, बीमा, श्रम स्वीकृतिपत्र र करारपत्रको फोटोकपी परिवारमा छोड्नुपर्छ ।
- वैदेशिक रोजगारको क्रममा ठगीमा परे बैदेशिक रोजगार बिभागमा उजुरी गर्नु पर्छ, उजुरी कामदार स्वयं वा उस्को नातेदारले पनि गर्न सक्दछ ।

**- बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय**

# विद्यार्थी आन्दोलनको कार्यभार

**नेपाली समाज तथा देश र माटो सुहाउँदो शिक्षा हामीलाई चाहिएको हो । प्रविधि र प्रकृतिको उपयुक्त फाइदा लिँदै हामी विश्वसामु उत्कृष्ट बन्न सक्छौँ । त्यसका निम्ति हाम्रा पर्यटन, कला संस्कृति, जलस्रोत, जडीबुटी, जनशक्ति, जंगललगायत चिजको प्रयोग र कृषिलाई आधुनिकीकरण गर्ने प्रविधिको विकासद्वारा समाज र राष्ट्रलाई दिगो विकासतर्फ डोऱ्याउन आवश्यक छ । त्यसका निम्ति हाम्रा यासो, पाँचऔंले जस्ता जडीबुटीको प्रशोधन, जलस्रोतको सदुपयोग, पर्यटनको विकास र हाम्रो आफ्नै माटो सुहाउँदो कृषिको विकास अध्ययन र अनुसन्धान जरुरी छ ।**

***समिक बडाल***

नेपाली विद्यार्थी आन्दोलन जागरण र चेतनाको नाम हो । जुन वेला समाज जहानियाँ राणा शासनबाट शासित थियो, त्यसै वेला सर्वप्रथम विद्यार्थी नै सडकमा निस्किएका थिए । ००७ साल, ४६ साल र ६२/६३ सालका आन्दोलन विद्यार्थी आन्दोलनकै आडमा भएका थिए । जब समाजमा र राजनीतिक व्यवस्थामा सामन्तवादी राज्यव्यवस्था थियो, त्यस वेला विद्यार्थी नै परिवर्तन र सचेतनाका अग्रणी थिए । ०६२/६३ को आन्दोलनले नेपालमा राजनीतिक रूपमा थुप्रै उपलब्धि हासिल गरेको छ । समाजमा ०४६ र ०६३ को आन्दोलनले सामाजिक चेतनाको स्तर पनि बढाइदियो नेपालमा विद्यार्थीको संख्या र क्याम्पस तथा विद्यालयको संख्या पनि बर्सेनि बढिरहेको छ । साथै पछिल्ला वर्षमा विदेशमा पढ्ने नेपालीको संख्या पनि कम छैन । समय र प्रविधिले आज विश्वलाई सानो गाउँजस्तै बनाएको छ । मोबाइल फोन र एफएम रेडियोको विकासले नेपालमा ग्रामीणस्तरसम्मै चेतनाको स्तर ह्वात्तै बढेको छ ।

समयको यस संगीन मोडमा अनेरास्ववियु २१औं सम्मेलनको तयारीमा जुट्दै छ । यो सम्मेलनबाट समयको यस परिवर्तित मागलाई व्यवस्थापन गर्दै नेपाली विद्यार्थी आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउने कार्यभार थपिनेछ । अब पुरानै ढर्राबाट सडकमा झन्डा बोकेर निस्कनुले मात्रै विद्यार्थी आन्दोलनको स्प्रिटलाई पूरा गर्न सक्दैन । झन् पछिल्ला दिनमा त आन्दोलन र बन्द हडताल नेपाली जनताका लागि अप्रिय शब्द बन्दै छन् । पछिल्ला वर्षमा विद्यार्थीको आन्दोलनप्रति एकताबद्धता तथा चासो क्रमशः घट्दै छ र विद्यार्थी संगठन तथा विद्यार्थी नेताप्रति वितृष्णा र घृणा बढ्दै छ । विद्यार्थी आन्दोलन र विद्यार्थी राजनीति स्वयंका विषयमा औंला उठाउन थालिएको छ । शिक्षण संस्थालाई विद्यार्थी संगठनले समृद्ध र अनुसन्धानमूलक बनाउनुको साटो राजनीतिक क्रियाकलापको बन्दी बनाइरहेको आरोप पनि विद्यार्थी आन्दोलनमाथि छ ।

विद्यार्थी आन्दोलनको अबको कार्यभारका सन्दर्भमा परिवर्तित समय र युगको आवश्यकतालाई बुझ्दै मुलुक र जनताका लागि सुहाउँदो र उपयुक्त शिक्षा पद्धतिसहित रूपान्तरणको नेपाली चाहनालाई मूर्त रूप दिनका लागि ठोस कार्य गर्नु नै हो । त्यसको अर्थ अब आन्दोलन भनेकै बन्द र हडताल होइन बहस, छलफल र सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापले नेपालको नयाँ संविधान तथा सामाजिक रूपान्तरण जस्ता सवाललाई ठोस निष्कर्ष दिनु हो । शैक्षिक संस्थामा स्ववियुमार्फत र विद्यार्थी संगठनद्वारा हुने गुन्डागर्दी, भ्रष्टाचार, अराजकता र बन्द हडतालको सट्टा कम्तीमा पनि बहस, छलफल तथा निचोड र निष्कर्षमा प्रतिस्पर्धा हुने हो भने पनि त्यसले एउटा राजनीतिक पुस्ताका नेतालाई समेत दबाब दिँदै समाज तथा राष्ट्रलाई दिशा निर्देश गर्न सक्छ । नयाँ संविधान निर्माण सँगसँगै राष्ट्रलाई स्थायी सरकार सुरक्षा र अमनचयनले नेपाली समाजलाई दिगो विकासको गन्तव्यतिर लैजान सक्छ । तसर्थ यस विषयमा प्रशस्त बहस र छलफल चलाउने काम विद्यार्थी संगठनले गर्न सक्छन्/गर्नुपर्छ । हिजो राजतन्त्र कि गणतन्त्र भन्दै संघीयता, नयाँ संविधान, प्रदेशको संरचना, दिगो विकास, स्थायित्वलगायत नेपाली समाजको सामाजिक आर्थिक रूपान्तरणका सवालमा बहस र विमर्शमा जुट्नुको साटो आफू-आफू गुट उपगुटमा लड्ने तथा एकआपसमा संगठन-संगठनबीच झैझगडा र अत्यन्तै घृणित कार्यमा फस्दै जानु स्वयं विद्यार्थी संगठनको मात्र नभएर मुलुककै लागि दुःखद कुरा हो । यसर्थ अब हुने संविधानसभाको निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न गर्दै त्यसपछिको समयमा छिटोभन्दा छिटो संविधान निर्माण प्रक्रिया टुंग्याई देशलाई सामाजिक तथा आर्थिक समृद्धिको बाटोमा डोऱ्याउन सक्नुपर्छ । यो राजनीतिक कार्यभार विद्यार्थीलगायत देशका सबै नागरिकको हो, जसमा विद्यार्थी समुदाय शिक्षित, विकसित र अग्रगामी रहने हुनाले यसलाई निर्दिष्ट गर्दै दिशाबोध गर्न सक्नुपर्छ, साथै आजको अकर्मण्य नेतृत्वलाई समेत दबाब दिँदै संविधानसभामार्फत पुराना गल्ती तथा कमिकमजोरी नदोहोऱ्याउने प्रतिबद्धतासहित अघि बढ्न राजनीतिक दलका नेतालाई दबाब सिर्जना गर्नुपर्छ । राजनीतिक स्थायित्वविना शैक्षिक तथा आर्थिक र सामाजिक रूपान्तरण सम्भव नहुने हुँदा यो महान् राजनीतिक कार्यभार पूरा गर्ने सन्दर्भमा सबै विद्यार्थी तथा सम्पूर्ण युवालाई गोलबन्द गर्दै एकताबद्ध तवरले दबाबमूलक कार्यक्रम गर्नुपर्छ । जसका निम्ति अनेरास्ववियुले आगामी महाधिवेशनमार्फत निर्वाचित गर्न नेतृत्वले पहलकदमी अगाडि बढाउन आवश्यक छ ।

दोस्रो त्रिभुवन विश्वविद्यालय लामो समयदेखि राजनीतिक भागबन्डामा चलेको छ । अब शिक्षा क्षेत्रलाई राजनीतिक भागबन्डाभन्दा पनि प्रतिस्पर्धा र योग्यताका आधारमा छानिएर आएका व्यक्तिले चलाउनुपर्छ भन्ने नारालाई स्थापित गर्दै त्रिविलाई उत्कृष्ट एवं संसारकै नमुना विश्वविद्यालय बनाउन लाग्नुपर्छ । विश्वविद्यालयमा पठनपाठन चुस्त दुरुस्त तथा प्राध्यापक र विद्यार्थीबीच सुमधुर सम्बन्ध स्थापित गर्दै त्रिविलाई अनुसन्धान तथा प्राज्ञिक गतिविधिका लागि उपयुक्त थलो बनाउन आवश्यक छ । आज झैझगडामा अल्झिएका विद्यार्थी तथा दलका झोले बनेका प्राध्यापक आम तथा राष्ट्रिय मुद्दामा बहस, छलफल तथा अध्ययन र अनुसन्धानमा निरन्तर लागिरहने हो भने समाजलाई सही दिशानिर्देश गर्न सहयोग पुग्नेछ । समयमा परीक्षा, नतिजा प्रकाशन तथा हरेक कार्यक्रम निश्चित अवधिमा सम्पन्न तथा कार्यसम्पादन सही तरिकाले गर्न नसक्ने जस्ता सानातिना कुरामा अल्झिएको त्रिवि प्रशासनलाई आफ्नै क्यालेन्डर लागू गर्न प्रोत्साहन गर्दै चुस्त र दुरुस्त बनाउन लाग्नुपर्छ ।

तेस्रो, नेपाली समाज तथा देश र माटो सुहाउँदो शिक्षा हामीलाई चाहिएको हो । प्रविधि र प्रकृतिको उपयुक्त फाइदा लिँदै हामी विश्वसामु उत्कृष्ट बन्न सक्छौँ । त्यसका निम्ति हाम्रा पर्यटन, कला संस्कृति, जलस्रोत, जडीबुटी, जनशक्ति, जंगललगायत चिजको प्रयोग र कृषिलाई आधुनिकीकरण गर्ने प्रविधिको विकासद्वारा समाज र राष्ट्रलाई दिगो विकासतर्फ डोऱ्याउन आवश्यक छ । त्यसका निम्ति हाम्रा यासो, पाँचऔंले जस्ता जडीबुटीको प्रशोधन, जलस्रोतको सदुपयोग, पर्यटनको विकास र हाम्रो आफ्नै माटो सुहाउँदो कृषिको विकास अध्ययन र अनुसन्धान जरूरी छ । तसर्थ विश्वविद्यालयमा दिइने शिक्षा स्नातक तथा स्नातकोत्तर कार्यक्रममा नेपाली विशेषतासहित अन्तर्राष्ट्रिय गुणस्तरको हुन जरूरी छ । साथै अनुसन्धानका निम्ति प्रोत्साहित गर्दै डिग्री र पिएचडी लेबलको शिक्षा नेपाली समाज र प्रविधिलाई विकसित गर्दै अग्रगामी लक्ष्य पूरा गर्ने हुनुपर्छ । विदेशमा अध्ययनरत विद्यार्थीलाई समेत स्वदेशमा काम गर्ने वातावरण तयार गर्नुपर्छ । साथै उनीहरूको ज्ञान तथा सीपलाई राष्ट्रले प्रयोग गर्ने वातावरण तयार पार्नुपर्छ । विदेशमा उच्च तहमा तथा उत्कृष्ट अध्ययन अनुसन्धानमा संलग्न विद्यार्थी तथा अनुसन्धानकर्तालाई थोरै समय मात्रै भए पनि देशका निम्ति उपलब्ध गराउन आग्रह गर्नुपर्छ ।

चौथो, अनेरास्ववियुको सम्मेलन नजिकिँदै गर्दा हरेक उम्मेदवारबाट गुट, उपगुट अन्त्य गर्ने, गुन्डागर्दी अन्त्य गर्ने, अराजकता हटाउने, जनवाद र धनवाद अन्त्य गर्ने नारा दिइरहेका छन् । जसबाट पनि पुष्टि हुन्छ कि विद्यार्थी राजनीति फसिरहेको छ । तसर्थ यसलाई शीघ्र अन्त्य गर्दै अबको यस राष्ट्रिय महाधिवेशनले माथि उल्लेखित कार्यभार पूरा गर्नका निम्ति जुझारू क्रियाशील एवम् शैक्षिक सिर्जनशीलता भएको र अबको नयाँ परिवेश, विज्ञान तथा प्रविधिको विकाससहित युगको मागलाई हाँक्नसक्ने सक्षम नेतृत्व चुन्न आवश्यक छ । यो कार्यभार इतिहासले यस २१औं राष्ट्रिय सम्मेलनका विवेकशील र जुझारू विद्यार्थी प्रतिनिधि साथीलाई छाडिदिएको छ । आशा गरौं यहाँबाट आउने नेतृत्वले अवश्य पनि विद्यार्थी आन्दोलनलाई नयाँ उचाइ दिनेछ । राष्ट्र र मुलुकको समृद्धिमा नयाँ इँटा थप्नेछ ।


हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी, शुभ-दिपावली, छठ पर्व २०७०
र नेपाल सम्वत ११३४ को पावन अवसरमा
समस्त देशवासीमा सुख, शान्ति र
समृद्धिको लागि हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

डिल्लीरत्न तुलाधर
प्रबन्ध निर्देशक

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, "ax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np



विजया दशमी, शुभ दिपावली, नेपाल संबत तथा छठ पर्वको शुखद उपलक्ष्यमा हाम्रा सम्पुर्ण ग्राहक, शेयरधनी तथा शुभचिन्तक महानुभावमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरेक नेपालीको चाहना
सबैको लागि, सधैंको लागि ADBL बचत योजना




Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
www.adbl.gov.np
SWIFT: ADBLNPKA

# निर्वाचनमा युवा दायित्व

**आरसी शर्मा**

नेपाली जनताले पटक-पटक गरेका संघर्ष नै परिणामस्वरूप प्राप्त भएका गणतन्त्रका संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिकलगायत सामाजिक, आर्थिक र सांस्कृतिक उपलब्धिलाई संस्थागत गर्ने माध्यम संविधानसभाको निर्वाचन हो । विगत संविधानसभामा यसका पक्षधर माओवादी क्रान्तिकारी र विरोधी यथास्थितिवादी शक्ति कसैको पनि संविधान निर्माणको निम्ति सुविधाजनक बहुमत पुगेन र पहिचानसहितको संघीयतासहित राज्यको पुनर्संरचना र शासकीय स्वरूपमा कुरा नमिलेर संविधानसभा विघटन भयो । यसर्थ, यो तीतो यथार्थबाट पाठ सिकेर उपरोक्त एजेन्डालाई सार्थक निष्कर्षमा पुऱ्याउनु पहिचानसहितको संघीय संविधान र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुखका पक्षधर शक्तिले एकल वा मोर्चा बनाएर दुईतिहाइ बहुमत ल्याउनु जरूरी छ ।

यसो भएमा मात्र गणतन्त्र, संघीयतालगायत इतिहासका सबै क्रान्तिकारी, गणतन्त्रवादी, संघीयतावादी, समावेशी र समानुपातिकतावादी राष्ट्रवादी प्रगतिशील धाराको एकै ठाउँमा केन्द्रित हुनेछ र विजयी बन्नेछ । अन्यथा, यथास्थितिवादी कांग्रेस-एमाले हाबी भएमा मुलुक ०४७ सालमा फर्कनेछ र मुलुकले विगतमा जे दुर्गति बेहोऱ्यो, त्यसैलाई निरन्तरता दिनेछ । तसर्थ, पहिचानसहितको संघीय संविधानका पक्षधरहरूको पक्षमा र एमाओवादीको पक्षमा जुन माहोल बनेको छ, यसले विजय पाएर मात्रै परिवर्तनका एजेन्डालाई संस्थागत गर्न सक्ने देखिन्छ ।

**नयाँ मतदाता**

यसपटकको निर्वाचनमा विगतका निर्वाचनमा मतदान नगरेका वा यो निर्वाचनमा मतदान गर्न उमेर पुगेका नयाँ मतदाता लाखौंको संख्यामा थपिएका छन् । भर्खरै कलेज जीवनमा प्रवेश गरेका, नयाँ सोच र विचार बोकेका लाखौं युवा साँच्चिकै नयाँ, स्वाधीन र समृद्ध देश चाहन्छन् । आफ्नो भाग्य, भविष्य सुरक्षित र सुनिश्चित भएको देख्न चाहन्छन् । राम्रो फलका लागि राम्रो बिरूवा रोप्न जरूरी भएजस्तै अग्रगमन र प्रगतिका लागि पनि राम्रै नीति र नेतृत्वसहितको पार्टी चयन गर्नुपर्छ । त्यो भनेको एनेकपा (माओवादी) नै हो । पुराना यथास्थितिवादी संसद्वादी मतदान गरेर संघीयता, गणतन्त्र, समावेशी, समानुपातिक, राज्यको स्वाधीनता र समृद्धि प्राप्त हुँदैन । किनभने, उपरोक्त कुरा यथास्थितिवादी, संसद्वादी शक्तिविरूद्ध लडाइँबाटै पैदा भएका हुन् । तसर्थ, नयाँ युवा मतदाता हतारमा खराबसँग प्रेममा फस्ने र फुर्सदमा पछुताउने गल्ती गर्नु हुँदैन । बरू विवेकसम्मत ढंगले सोचेर अग्रगामी विचार र एजेन्डावाहक शक्तिलाई प्रेम गर्नुपर्छ । अनि, मात्रै नयाँ मतदाताको नयाँ विचारको सम्बोधन हुन्छ ।

**युवा उम्मेदवार**

स्वाभाविक हिसाबले यथास्थिति र संकीर्ण चिन्तनबाट माथि उठ्न सक्ने युवा नै हुन् । देशमा जनसंख्याको ठूलो हिस्सा युवाको छ । कुल जनसंख्याको ४० प्रतिशत १६-४० वर्षका युवा छन् भने कुल मतदाताको एकतिहाइ । तसर्थ, एक तिहाइ मतदाताको भावनाको प्रतिनिधित्व गर्न, परिवर्तनका एजेन्डालाई संस्थागत गर्न, समावेशी र समानुपातिक सिद्धान्तका आधारमा युवा उम्मेदवारी चयन गरिनुपर्छ । आन्दोलनमा निर्णायक भूमिका खेल्ने, लडाइँका अग्रमोर्चाका एसल्टमा लड्ने योद्धाको टिमलाई देशको नीति-निर्माण गर्ने विधायक बनाउनुपर्छ ।

भर्खरै सम्पन्न वाइसिएलको प्रथम राष्ट्रिय अधिवेशनले नीति-निर्माण तहमा एकतिहाइ युवाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने धारणा पारित गरेको छ । राज्य संयन्त्रका सबै क्षेत्रमा एकतिहाइ युवा सहभागिताविना मुलुकले गति लिन सक्दैन भन्ने दृढ मत जाहेर गरेको छ । हाम्रो माउ पार्टीले 'थ्री इन वान' का आधारमा युवा, प्रौढ र ज्येष्ठलाई पार्टी कमिटीका सबै तहमा सहभागी गराउने नीति लिएको छ । संविधानसभा युवाका भावना, विचार, जोशलाई उपयोग गर्ने सबैभन्दा उपयुक्त मञ्च हो । तसर्थ, यो संविधानसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ कम्तीमा एकतिहाइ युवा उम्मेदवारलाई विजयी गराउनुपर्छ ।

**युवामैत्री संविधान**

नेपालमा गणतन्त्रको आगमनसँगै नेपाली युवासँग सम्बन्धित कैयौं राष्ट्रिय महत्वका विषय बाहिर सतहमा आएका छन् । तीनलाई निकास दिने र निष्कर्षमा पुऱ्याउने गरी अब बन्ने संविधान युवामैत्री बनाउनुपर्छ । जसले मात्रै युवाको विद्रोही चेतना र सिर्जनशील क्षमतालाई राज्यको मूल प्रवाहमा समाहित गरी राष्ट्रको मेरूदण्डको रूपमा युवालाई अगाडि ल्याउन सकिन्छ । जसले गर्दा नै रोजगारीका लागि विदेश लाग्ने युवाको लाइनलाई देश निर्माणमा पंक्तिबद्ध गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, सुरक्षा र स्वतन्त्रताको प्रत्याभूति दिने तथा राष्ट्रिय युवानीतिको तत्काल कार्यान्वयनद्वारा राज्य संयन्त्रको सबै तहमा थ्री इन वानको सिद्धान्तमा लागू गरेर तथा युवामा अन्तर्निहित बौद्धिक र शारीरिक शक्तिलाई राष्ट्र निर्माणमा खर्च गरिनुपर्दछ । यसरी मात्रै देशको संविधान युवामैत्री बन्न सक्छ र मुलुकले काँचुली फेर्न सक्छ ।

**निर्वाचन र वाइसिएल**

आउँदो संविधानसभाको निर्वाचनमा देशैभरि र विदेशमा पनि एमाओवादीका उम्मेदवारको पक्षमा माहोल बनाएर विजयी गराउन वाइसिएल लागि पर्नेछ । अग्रगामी एजेन्डा प्रचार गर्न देशव्यापी रूपमा खटिनेछ । निम्न प्रविधिदेखि उच्च प्रविधिसम्म अपनाई पहिचान, संघीयता, गणतन्त्र आदि अग्रगामी एजेन्डासहित चुनावी प्रचारमा वाइसिएल खट्नेछ ।

**धाँधली, गुन्डागर्दी, अराजकता र आतंकवरुद्ध उभिएर निर्भिकतापूर्वक परिवर्तनको पक्षमा मतदान गर्न आममतदातालाई अपिल गर्ने र अरू युवा संगठनसँग पनि मित्रवत सहकार्य गर्दै संविधानसभा निर्वाचनलाई ऐतिहासिक बनाउने नै वाइसिएलको मिसन हुनेछ । कसैले अर्धसैन्य दस्ता बनाएर डन र गुन्डा संस्कृतिलाई अवलम्बन गर्छ भने त्यसविरुद्ध वाइसिएलको नाम नै काफी छ । डन र गुन्डाका भरमा आतंक मच्चाउनेलाई सफल हुन दिइनेछैन ।**

र, देशभरिका युवालाई वाइसिएलमा संगठित गर्नेछ । एजेन्डा मिल्नेसँग मोर्चा बनाएर पनि वाइसिएल परिचालित हुनेछ । अग्रगामी परिवर्तनका एजेन्डालाई विकृत र नष्ट हुन नदिन तथा तिनीहरूको रक्षाका लागि वाइसिएल खट्नेछ ।

संविधानसभाको निर्वाचनमा एमाओवादी र उसले लिएका एजेन्डाको प्रचारक, रक्षक र उत्पादकको रूपमा वाइसिएल नेपालले युवा परिचालन अभियान सञ्चालन गरिरहेको छ । यो दुईमहिने युवा परिचालन अभियानमा नेपालका ४९१२ गाविस, ५८ नगरपालिका र तिनका सबै वडा तथा टोलमा वाइसिएल निर्माण हुनेछ । संविधानसभा निर्वाचनमा लगभग १२ हजार बुथमा लक्षित गरी युवालाई परिचालन गरिनेछ ।

जनतामा चेतना, जागरण र प्रशिक्षण दिनु तथा स्वतन्त्र र निष्पक्ष ढंगबाट निर्वाचन सम्पन्न गराउन राज्यलाई सहयोग गर्ने गरी वाइसिएल परिचालित हुनेछ । राज्यको कानुनको र संविधानको सीमालाई ख्याल गर्दै आफ्नो पार्टीको पक्षमा प्रत्येक बुथमा हरेक युथलाई मतदानका निम्ति अपिल गर्दै केन्द्रित गर्नेछ ।

धाँधली, गुन्डागर्दी, अराजकता र आतंकवरूद्ध उभिएर निर्भिकतापूर्वक परिवर्तनको पक्षमा मतदान गर्न आममतदातालाई अपिल गर्ने र अरू युवा संगठनसँग पनि मित्रवत सहकार्य गर्दै संविधानसभा निर्वाचनलाई ऐतिहासिक बनाउने नै वाइसिएलको मिसन हुनेछ । कसैले अर्धसैन्य दस्ता बनाएर डन र गुन्डा संस्कृतिलाई अवलम्बन गर्छ भने त्यसविरूद्ध वाइसिएलको नाम नै काफी छ । डन र गुन्डाका भरमा आतंक मच्चाउनेलाई सफल हुन दिइनेछैन । यति मात्रै होइन, त्यस्ता तत्वलाई नै संविधानसभा चुनावमा सँगै बढारिनेछ ।


## हार्दिक शुभकामना

शुभ विजया दशमी शुभ दिपावली २०७० को सुखद उपलक्ष्यमा सम्पुर्ण ग्राहकवर्ग अभिकर्ता शुभेच्छुक तथा सम्पुर्ण देशवासीहरुमा सुस्वास्थ्य, दिर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान

रामशाहपथ काठमाडौं, फोन नं. ४२६२५२०


## vjhsb

### नेपाल समूह चरणबाटै बाहिरियो

काठमाडौं । नेपाल एएफसी यू-१९ च्याम्पियनसिप फुटबलको छनोट चरणबाटै बाहिरिएको छ । मंगलबार भएको आत्नो तेस्रो खेलमा उज्वेकिस्तानसँग ५-० को फराकिलो गोल अन्तरले पराजित भएपछि नेपाल समूह चरणको अन्तिम खेलअघि नै बाहिरिएको हो ।

समूह 'ए'मा रहेको नेपाल पहिलो खेलमा तुर्कमेनिस्तान र दास्रो खेलमा भारतसँग पराजित भएको थियो । अझैसम्म अंकको खाता खोल्न नसकेको नेपालले अब बिहीबार अन्तिम खेलमा कतारसँग खेल्नेछ ।

अल अरबी रंगशालामा भएको खेलमा नेपालले उज्वेकिस्तानलाई १३ मिनेटभन्दा रोक्न सकेन । पहिलो रोजाइका गोलरक्षक एनल न्यौपोनलाई बेन्चमा राखेर ब्रिजेश सिंहलाई पोष्टको जिम्मा दिएका थिए । १४ औं मिनेटमा गोलको खाता खोलेको उज्वेकिस्तानले ३४ औं मिनेटमा अग्रता दोब्बर पाऱ्यो । ४७ औं मिनेटमा विश्वास श्रेष्ठ रातो कार्ड खाँदै मैदानबाट बाहिरिएपछि नेपाल १० खेलाडीमा सिमित भयो ।

४९ औं मिनेटमा नेपालले तेस्रो गोल खाएपछि नेपालले गोलरक्षक परिवर्तन गऱ्यो र ब्रिजेशको स्थानमा एलनलाई मैदान प्रवेश गराए पनि उज्वेकिस्तानले ६१ र ७२ मिनेटमा गोल गरेपछि नेपाल ५-० को फराकिलो हार व्होर्न बाध्य भयो ।

### बेल तेस्रो पटक प्लेयर अफ दि इयर बने



काठमाडौं । ग्यारेथ बेल तेस्रै पटक वेल्स प्लेयर अफ दि इयर घोषित भएका छन् । यससँगै उनी मार्क हुग्र र जोन हार्टसनपछि तीन पटक वेल्स प्लेयर अफ दि इयरबाट सम्मानित हुने खेलाडी बनेका छन् । यसअघि बेल २०१० र ११ मा वेल्स प्लेयर अफ दि इयर घोषित भएका थिए । बेल कीर्तिमानी रकममा यसै सिजन टोटनह्यामबाट स्पेनिस जाइन्ट रियल मेड्रीड गएका छन् । स्वान्सीका लेप्ट ब्याक बेन डेभिस योङ प्लेयर अफ दि इयर घोषित भएका छन् । वेल्सका कप्तान एश्ले विलियम्स क्लब प्लेयर अफ दि इयरबाट सम्मानित भएका छन् ।

### च्याम्पियन्स लिग टी-२० को उपाधि मुम्बई इन्डियन्सलाई

काठमाडौं । च्याम्पियन्स लिग टी-२० क्रिकेटको उपाधि मुम्बई इण्डियन्सले जितेको छ । आइतबार राति भएको फाइनल भिडन्तमा राजस्थान रोयल्सलाई ३३ रनले पराजित गरेर उपाधि उचाले सँगै मुम्बईले वरिष्ठ खेलाडी सचिन तेन्डुलकरलाई विजयी विदाई गरेको छ ।




यसै सिजन आईपीएलको उपाधि जितेको मुम्बईलाई च्याम्पियन्स लिगको उपाधि दिलाउने क्रममा हरभजन सिंह हिरो बने । उनले १७ औं ओभरमा अजिन्या रहाणे, स्टुअर्ट बिन्नी र केवोन कुपरको विकेट लिएका थिए । उनले अलराउण्डर शेन वाट्सनलाई पनि प्याभेलियनको बाटो देखाएका थिए फिरोज शाह कोटला मैदान दिल्लीमा पहिले ब्याटिङ थालेको मुम्बईले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा २ सय २ रन बनायो । उसका लागि डरेन स्मिथले ४४ रन बनाए भने ग्लेन म्याक्सवेलले ३७ र रोहित शर्माले ३३ रन जोडे ।

जवाफमा मैदान उत्रिएको राजस्थान १८.५ ओभरमा १ सय ६९ रनमा अलआउट भयो । उसका लागि अजिन्क्या रहाणेले ६५ र सन्जु समसोनले ६० रन बनाए पनि अन्य ब्याट्सम्यान चल्न सकेनन् । उसलाई हारको बाटो देखाउने क्रममा मुम्बईका हरभजनले ४ विकेट लिए भने किरण पोलार्डले ३ विकेट हात पारे । यो प्रतियोगितासँगै सचिनले क्रिकेटको सबैभन्दा सानो प्रारूप २०-२० बाट पनि विदा लिएका छन् । उनले आईपीएलमा मुम्बई च्याम्पियन भएसँगै सन्यासको घोषणा गरेका थिए ।

# लगानी बोर्डको नीति कमाउ र खाउ, नेपाली नागरिक जतासुकै जाउ

*बेदजंग बझांगी*

नेपालको मौद्रिक अर्थनीतिका अनगिन्ति बिचलनहरूको ऐतिहासिक श्रृंखलाहरूको निरन्तरता कहिले सम्म रहने हो ? यसबिषयमा चर्चा गर्नृ अगाडि वैंकहरूको रबैया, बैंकहरूलाई बिश्वास गर्ने निक्षपकर्तालाई सम्झेर उद्देक लाग्नु स्वभाविक छ ।

यथार्थमा, नेपालको मौद्रिक नीतिमा निजी रूपले र अत्याधिक फाईदा उठाउने शासकको रूपमा पंचायतकालीन प्रधानमन्त्री सूर्यबहादुर थापा नै थिए भन्ने तथ्य, नेपालको राजनितिक परिबर्तनबाट प्रष्ट हुदै आएकोछ । तत्कालीन बैंकिङ घटना, अथवा नेपाली मुद्राको अबमूल्यन मूल्यनकर्ता ब्यक्तिबाट अबस्य महशुस गर्न सकिनेछ ।

मौद्रीक नीति प्राय ाभिहष्दभि हुने कुराको पुष्टि अर्थशास्त्रीहरूले आफना शोधकार्यहरूमा उल्लेख गर्ने गरेकाछन । नेपालजस्तो भूपरिबेष्ठत मुलुकहरूले दूरदर्शीता न ठम्याउनुले देशको अर्थतन्त्रनै धरासायी हुन्छ भन्ने सम्मको माथि उल्लेखित राजनैतिक अवस्थामा भएको पाइन्छ ।

नेपालको बर्तमान अवस्थामा, यो अतिघातक सिद्द हुँदा पनि ,केन्दिय बैंक ले बेवास्था गरीरहनुले नेपालको र नेपालिको पक्षमा कदापि रहेकै छैन र नेपाल सरकारलगानिबोर्ड, जस्ता कथित निकायहरू आफुसँग अथवा सरकारसँग रकम, पुँजि नभएको बहाना गरी नेपालमा बिदेशीको, नयाँ प्रबिधि रअत्याधिक रोजगारी, दिने योजनाको प्रस्ताबपेशकर्ता, नेपाल अवृसन्धानसेवा केन्द्र प्रा.लि.लाई बहाना गरेर आलटाल र हाल लगानि गर्न न सकिने ,जस्ता जबाफदिन लिखित जबाफ दिने दुस्साहश गर्दछ भने मौद्रिक नीति ठीक नहुँदा बाणिज्य बैंकहरूसंग रू ५० अरबको रिभर्स रिपो जारी गरी रिजर्भ फण्ड खरिद गरेर भ्रष्टाचारको नयां उदाहरण पेश गरेकोछ । यो जस्तो शर्मनाक र भ्रष्टाचारको जिउँदो उदाहरण के होला र रूअझै देशलाई कुन खाडलमा हाल्ने खेल हुने हो ? समस्त बिश्वलाई कथित नेपाल सरकार तथा लगानी बोर्डको नाटक हेर्न बाँकी नै छ । गणतन्त्र नेपालका कथित देशका कथित बेशर्महरूको यो नाटक ? भारत र अमेरिकन डलरमा देखिएको अबमूल्यनको खेल र अझै कति नकारात्मक सन्देशहरू सिधा र भोला नेपाली जनताहरूको काँधमा आउने र नेपाल सरकारले र नेपाल राष्ट्र बैंकले कसलाई गुरू थापेर नेपालको अर्थ ब्यबस्थामाथि लापरबाही र जनतामाथि ब्रम्हलूटको श्रृंखला जारी गर्दैछ यसको स्पष्ट जानकारी नेपाली जनतालाई दिनेलाज नमानिकनआफनो जबाफदेहि जनतालाईयथाशिघ्र दिईयोस् वा आफूलाइ क्रान्तिको अगुवाई गर्नेति महान नेताहरूले जनता समक्ष ष्पष्टौत्कि जान कारी दिने कष्टभएपनि गर्न हुनेछ । अन्यथा यो अराजकताको जिम्मेबारीको बिरूद्ध अर्को हिंसा नभडकोस् । र जनताले प्रत्यक १० बर्षमा नेतृत्व फेर्न वा यो अराजकताको बिरूध्द कानुनी र गैरकानुनी वा दुबै खालको संघर्षमा जाइ लाग्न नपरोस् त्यसको जवाफदेही दिने जिम्मेवार वर्तमान सरकार तथा कथित सम्पूर्ण उच्च पदस्थ अधिकारीहरू मात्र हुन् ।

देशको र खाशगरिकन नेपाली जनताको हालत गणतन्त्र भैसक्दा पनि ज्यादै नाजुक र दयनिय पिडामा जनता छटपटाई रहेका छन् । खोई ती देशलाइ सींगापूर र स्वीटजरल्याण्ड बनाउने गफाष्टक भनिने कथित क्रान्तिकारी नेताहरू ? र उनका फोस्त्रा नाराहरू पंचायतकालको सुरूमै २ दृई पटक मृद्रा रिभ्यालुशन र डिभ्यालृसन गरे र आफनो् र जनताको स्याबासी खाए तर गणतन्त्र जनताको संबिधान बिनाको सार्बभौमसत्त भए पनिदेशको मौद्रीक अबमूल्यन हुनुले अब नेपालको मपाईं बादले मौद्रिक अर्थतन्त्रमा कहिलेबाट मृक्ती पाउन गतहप्ताको कान्तिपुर दैनिक पत्रिकामा पहिलो ब्यानरमा त्यो समाचार प्रकाशित हुन्छ जुन समाचारले अर्थशास्त्रका बिज्ञाताको बिचलनहृन्छ । समाचारमा छापाले ५० अरब रूपैंयाँको रिर्भस फण्डनेपालराष्ट्र बैंकले हालसम्म खरिदगरी सक्यो र लगतै १० अरब रूपैंयाँको रीभर्स फण्डखरदि गरेको समाचारमा भनियो की बाणिज्य बैंकहरूमा तरलताको अधिकतालाई ब्यबस्थित गरीने कार्यक्रमले उक्त फण्ड खरिद गरी बैंकिङ समस्याको समाधान ? फण्डको रपमा अनियन्त्रित सम्पत्ति अथवा रकम खरिद कस्तो सरल उपाए होला यो ? एकातिर नेपालसरकारको लगानि बोर्डद्वारा आब्हान गरिएको प्रबिधि प्रस्ताबमा हाल लगानि गर्न अशमर्थता प्रकट गर्नु अर्कोतर्फ नेपाली जनशक्तीको रोजगारिको लागि बार्षिक लाखौं जनशक्ती बिदेशिएर दैनिक २ लाश नेपालभित्रनुले नेपालको मौद्रिक नीति र सत्तामा आशिन लगानी बोर्डका अधिकारी र नेपाल राष्ट्र बैंक को अनुउत्तरदायी र बेकम्मा पनको राज्यले लाजनै नमानेर सत्तामा बस्ने बेसरम भलादमीहरूको गैरजिम्मेबारीपनको जबाफदेहिता यै हो त ? खासै भन्नेहो र आर्थिक अनियमिताको कृरा गर्नेहो भने अर्को अराजकता हो बाणिज्य बैंकहरूको ब्रम्हलुट् कीनकि उहाँहरूले निक्षपकर्तालाई दिने सयकडा ३ देखी ५ प्रतिशत हो तर बाणिज्य बैंकहरूले २४, २५ प्रतिशत ब्याज लिनृ र तेत्रो प्रतिसत ब्याज बाणिज्य बैंकहरूले अशूल गर्दा केन्दिय बैंकले उनीहरूमाथि कारबाहि नगर्नृको अर्थ के हो ? यो जस्तो पिडीत जनता र बिचरा जनतालाई ढाड सेक्ने मनोगतबादी सरकार र राज्यलाई अब कुन रूपमामृल्यांकन गर्ने ? माथि उल्लेखित तथ्यबाट, अब नेपालमा भै राखेका अराजकताको साढे अरू १,२ दशक छाडिदिने हो भने देशका ९० प्रतिशत जनता प्रबासी हुनेछन ।

**नेपालको मौद्रिक नीतिमा निजी रूपले र अत्याधिक फाईदा उठाउने शासकको रूपमा पंचायतकालीन प्रधानमन्त्री सूर्यबहादुर थापा नै थिए भन्ने तथ्य, नेपालको राजनितिक परिबर्तनबाट प्रष्ट हुदै आएकोछ । तत्कालीन बैंकिङ घटना, अथवा नेपाली मुद्राको अबमूल्यन मूल्यनकर्ता ब्यक्तिबाट अबस्य महशुस गर्न सकिनेछ ।**

केही हालका उच्च पदाधिकारी हरू मात्रनेपाली बन्ने छन् तसर्थसमयभित्रै , माथिउल्लेखित समश्याको निराकरणा वानेपालको मौद्रीक अर्थ नितीमा ब्यापक रूपले परीबर्तन गरी नेपाली जनतालाई बिदेसिनबाट रोकियोस् । संबन्धित निकायले यथाशिघ्र आ-आफ्नो क्षेत्रबाट कारबाही गरोस् ।

फेरि १० अर्बको रिभर्स रिपो ०५क्याजमा७ दिनको सूचना जारिगरीअर्को १० अर्बको रिभर्स रिपोको लागी सृचना जारी गरी उल्लेखित फण्ड खरिदगर्दैछ । ३ बर्ष यता छोटो अबधिको म्यादमा, नेपाल राष्ट्र बैंकले खरीद गर्न लागेको हो तरलता प्रशोचनको नाममा र बाणिज्यबैंक हरूबाट लगानी हुन नसक्दा तरलताको यो हालत भएको घटनाको पृष्टि काठमाडाबाट प्रकाशीत हुने कारोबार दैनिकको बर्ष ४ अंक २५० र अन्य राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन भइरहेकाले माथि उल्लेखित समाचारको र तर्कहरूको ब्याख्या गरिएको हो ।

## /Elg va/

### निर्माणमा फोट्रिन फेब्रुअरी



रेडपान्डा डान्स एन्ड मुभि हाउसको प्रस्तुति, सवित्री खत्रीको निर्माणमा बन्ने चलचित्र १४ फेब्रुवरीको राजधानीमा शुभमुर्हत गरियो । शंकर अधिकारी घायलको लेखन, नितिन चन्दको निर्देशन रहने चलचित्र १४ फेब्रुअरीको विषयवस्तु एक्सन लभस्टोरीमा आधारित रहेको बताइएको छ । दशैंलगत्तै छायाङ्कन सुरू गरिने यसमा मिलन सिजापति, वर्षा राउतलगायत कलाकारहरूले काम गर्ने छन् भने सङ्गीत राजेन्द्र श्रेष्ठ, नृत्य कविराज, द्वन्द्व हिमाल केसीको रहने छ । उक्त शुभमुर्हत कार्यक्रममा सावित्री खत्रीको गीति एल्बम ठँलीको अथिति राजेन्द्र शलभद्वारा विमोचन गरिएको थियो ।

### चलचित्रमा जम्दै रिस्ता

आफू अभिनीत पहिलो चलचित्र 'होस्टल'को सफलताले गर्दा सहरमा नवनायिका रिस्ता बस्नेत (अधिकारी) को



चर्चा चुलिँदै गएको छ । हेयर ड्रेसर तथा हास्य अभिनेत्री विपना बस्नेत (डुब्लिकेट हिसिला यमी) की छोरी रिस्ताले होस्टेलमा छोटो भँमिका निभाएको भए पनि उनको पर्फमेन्सले तारिफ पाएको छ । त्यसैले त होस्टेल रिलिज नहुँदै उनी ओम प्रतीकको 'यो कथा हो तिम्रो मेरो' र सोभित बस्नेतको निर्माण र लक्ष्मण सुवेदीको निर्देशनमा बन्ने 'एउटा साथी'मा हिरोइनमा अनुबन्धित् भइन् । यो कथा हो तिम्रो मेरोको भने हालै सुटिङ सकिएको छ । एउटा साथी भने सुटिङको तयारीमा छ ।

पारिवारिक माहोल नै चलचित्रमय भएकाले रिस्ता पनि सानैदेखि नृत्य र अभिनयमा झुकाव राखिन् । 'फिल्मी फेमलीमै जन्मे-हुर्किएकाले फिल्मप्रति मेरो सानैदेखि लगाव थियो,' रिस्ता भन्छिन्, 'तर यत्ति छिट्टै हिरोइन बनुँली भन्नेचाहिँ सोचेकी थिइनँ ।' केही चलचित्रमा बालकलाकारको भँमिका निभाएकी रिस्ता अब अभिनयमै करिअर बनाउन चाहिन्छिन् । उनी भन्छिन्, 'फिल्म क्षेत्रमै करिअर बनाउने सपना बुनेकी छु ।' हाल १२ कक्षामा अध्ययनरत रिस्तालाई अन्य चलचित्रबाट पनि अफर आइरहेका छन् । उनी आफँलाई आमा र अंकल अभिनेता दीपक क्षेत्रीको साथ र हौसलाले कलाकारितामा अघि बढ्न प्रेरित गरेको बताउँछिन् ।

### कात्तिक ८ मा मधुमास

निर्देशक सुदर्शन थापा र गीतकार निर्माता बाबुराम दाहालको संयुक्त निर्माणमा बनेको दोस्रो चलचित्र 'मधुमास'




८ कात्तिकबाट प्रदर्शन हुने भएको छ । सुदर्शन र बाबुरामले यसअघि धन्दा निर्माण गरेका थिए ।

फ्राइडे फिल्म्स्को ब्यानरमा बनेको मधुमास पँर्णप्रेमकथानक चलचित्र भएको निर्देशक सुदर्शन बताउँछन् । उनले मधुमास आफ्ना विगतका चलचित्रभन्दा फरक स्वादको दाबी गरेका छन् । 'प्रेमकेन्द्रित फिल्म हो,' उनी भन्छन्, 'तर सामान्यभन्दा फरक र मीठो छ ।' मधुमासमा आर्यन सिग्देल, पँजा शर्मा, शिवांगी राणालगायतले अभिनय गरेका छन् । मधुमासले बिस्तारै प्रचारप्रसार तीव्र पार्दै लगेको छ ।


## हार्दिक मंगलमय शुभकामना

**शुभ विजया दशमी, शुभ- दिपावली २०७०, नेपाल सम्वत ११३४को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

कार्यकारी निर्देशक *तथा*

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**,परिवार



नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

**आय विवरण पेश गर्ने र इट्टा उत्पादक उद्योगहरू मूल्य अभिवृद्धि करमा दर्ता हुने सम्बन्धी अत्यन्त जरूरी सूचना**

१. आर्थिक अध्यादेश २०७० ले आ.व. २०६८/०६९ वा सोभन्दा अघिम्मको आय विवरण पेश नगर्ने वार्षिक रू.२० लाखसम्म कारोबार भएका वा रू. २ लाखसम्म वार्षिक आय भएका कुनै पनि व्यक्तिले आर्थिक बर्ष २०६७/०६८ र २०६८/०६९ को आय विवरण र सोमा लग्ने आयकर २०७० साल असोज मसान्तभित्रमा बुझाएमा सोभन्दा अधिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र सो मा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिनहा हुने व्यवस्था गरेको हुँदा उल्लेखित समयावधिभित्रै आय विवरण पेश गरी छुट सुविधा उपयोग गर्नु हुन जानकारीको लागि अनुरोध छ ।

२. आर्थिक अध्यादेश २०७० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता हुनुपर्ने कर्तव्य भएका तर दर्ता नभई कारोबार गरिरहेका इट्टा उत्पादक उद्योगहरुले २०७० साल असोज मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भइ कारोबार गरेमा त्यस्ता उद्योगहरुले दर्ता हुनुपूर्व गरेको कर योग्य कारोवारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर,ब्याज र जरिवाना मिनहा हुने व्यवस्था भएको हुँदा उल्लेखित समयावधिभित्रै मूल्य अभिवृद्धि करमा दर्ता गरी छुट सुविधा उपयोग गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

## पूर्वराजालाई...

पूर्वराजारानीको हातबाट टिका थापेर आर्शिवाद लिने र मनका कुरा व्यक्त गर्नका लागि पनि यो सरल अवसर हुनेछ ।

जसलाई पूर्वराजा भेट्ने इच्छा छ, उनीहरूले अष्टमी र दशमीको मौका छोप्न सक्छन् । मंसिर ४मा निर्वाचन हुँदैछ, त्यो निर्वाचन अघि जनता र पूर्वराजाको यो भेटको अवसर महत्वपूर्ण हुनेछ । यद्यपि ०६३ साल वैशाख ११ गतेपछि पूर्वाराजाले आजसम्म राजनीति, सरकार र संविधान माथि कुनै बाधा गरेको रेकर्ड छैन ।

## इँटा...

मार्गचित्र कस्तो हो ? चुनाव जितेर ति दलले गर्न खोजेको के हो ? मतदाता अन्योलमा छन् । अन्योल र द्वन्द्वकाबीच मंसिर ४को निर्वाचन, मंसिर ४ महाभारतको कुरूक्षेत्र बन्ने त होइन ? चुनाव नजिकिँदै छ, त्रासदी बढ्दैछ । बारा ४ का उम्मेदवार माथिको गोली प्रहारले असुरक्षाको भावना बढेको छ ।

## अंगिरसको...

प्रश्न उठिरहेको बेलामा अंगिरसले प्रचण्डले चुनाव हार्ने भविष्यवाणी गरिदिएका छन् ।

अंगिरसको-भविष्यवाणी अनुसार कांग्रेस ठूलो पार्टी बन्छ, एमाओवादी मझौला र एमाले तेस्रो स्थानमा रहन्छ । चुनावमा माधव नेपाल हार्छन् । वावुराम गोरखामा जित्छन्, रूपन्देहीमा हार्छन् । कांग्रेसका कृष्णप्रसाद सिटौला हार्छन तर केपी ओली र रामचन्द्र पौडेल बल्ल बल्ल चुनाव जित्नेछन् । चुनावपछिको सरकार शेर बहादुर देउवाको नेतृत्वमा बन्ने छ ।

अंगिरसको यो भविष्यवाणी सार्वजानिक भएपछि ठूला दलका उम्मेद्वारहरू अंगिरसलाई निम्त्याएर मिठाई र केही भेटी चढाउँदै आफ्नो 'आखेट' हेराउन थालेका छन् । केही प्रतिशत भविष्यवाणी मिल्ने गरेपनि नेताहरूको आवतजावत बढेकाले अंगिरसका लागि मंसिर ४ को निर्वाचन 'राम्रो आम्दानी र मीठो खानाको स्रोत बनेको देखिन्छ ।'

## संविधनसभाबाटै...

थापाको भनाई थियो, राष्ट्र कमजोर बनाउन र विदेशी चलखेल बढाउन मात्र गणतन्त्र ल्याइएको हो । आफ्नो पार्टीले कार्तिक ४ गतेदेखि १२ गतेसम्म गोरखा जिल्लाबाट मेची-महाकाली अभियान चलाउने उद्घोष गर्दै त्यसको एकमात्र उद्देश्य राष्ट्रिय एकता सुदृढ र सवल बनाउनु नै हो ।

राप्रपा नेपालले बैतडी क्षेत्र नं. २ बाहेक अन्य सबै २ सय ३९ वटै क्षेत्रमा प्रत्यक्षतर्फ आफ्ना उम्मेदवार उठाएको छ । बैतडी क्षेत्र नं. २ मा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द प्रत्यक्ष तर्फबाट उम्मेदवार भएका हुनाले पूर्वप्रधानमन्त्री चन्दलाई सम्मान गर्दै उनको विरूद्ध उम्मेदवार खडा नगरेका हो । राप्रपा नेपालका अध्यक्ष थापाले संविधानसभाको दोस्रो निर्वाचनमा आफ्नो पार्टीको बहुमत आएको खण्डमा आफू नेपालको प्रधानमन्त्री बन्ने समेत उद्घोष गरेका छन् । हेर्न बाँकी छ राप्रपा नेपाल मुलुकको कति प्रभावशाली शक्तिका रूपमा कसरी उदाउँछ ।

## प्रहरी महानिरीक्षक...

राख्नुको पछाडी के रहस्य लुकेको छ त्यो त भविष्यले नै बताउने छ । उक्त वैठकमा गृहमन्त्री, गृह सचिव लगायत गृह मन्त्रालय अन्तर्गन पर्ने सबै निकायका प्रमुखहरूको उपस्थिति थियो । प्रहरी महानिरिक्षक रानाका अनुसार आलम माथी गोली प्रहारको घटनाले तराई मधेसका अन्य क्षेत्रमा आक्रोश बढ्न सक्ने ठहर गर्दै निर्वाचन भरी उनी उपचाररत छन् भन्ने सन्देश प्रवाह गर्न सक्नु राम्रो हुने तर्क रानाले गरेपनि उनको त्यो तर्कमा कुनै तुक रहेको छैन ।

म्यादी प्रहरी सहित एकलाख भन्दा बढी फौजको परिचालन गर्ने जिम्मा पाएको प्रहरी गृह मन्त्रालयद्वारा जारी गरिएको सुरक्षा योजनाको जिम्मेवारी पनि नेपाल प्रहरीकै भएको हुनाले नेपाल प्रहरीको आत्मबल बढी हुनु पर्नेमा प्रंहरी महानिरिक्षक नै हतोत्साहित हुनु भनेको मुलुकमा शान्ति र निर्वाचनन हुन नदिनेहरूको मनोवल बढ्न सक्ने सम्भावना बढेर जाने प्राय निश्चित रहेको छ । पछिल्लो समय गृह मन्त्रालयले प्रत्येक उम्मेद्वारहरूलाई व्याक्तिगत सुरक्षा दिने निर्णय समेत गरिसकेको र उम्मेद्वारहरूलाई उनीहरूले गर्ने कार्यको सुक्ष्म निरिक्षणको जिम्मेवारी समेत नेपाल प्रहरीलाई दिएको छ ।

## प्रहरी महानिरीक्षक...

गोलमेच सम्मेलन गर्ने सहमति किन उल्ट्याईयो ? सबै राजनीतिक दलबीच राष्ट्रिय सहमति नभई संविधान निर्माण र निर्वाचन कसरी सम्भव हुन्छ ? भन्ने प्रश्न समेत पत्रमा उल्लेख गरीएको भए पनि ३३ दल भित्रै रहेका केही दलहरूले भने निर्वाचनमा सहभागिता जनाउने भन्दै निर्वाचन प्रकृयामा सहभागी भएका हुनाले नेकपा-माओवादी पछिल्लो समयमा एक्लै पर्न सक्ने सम्भावना बढेर गएको छ । राष्ट्रिय सहमति अनिवार्य सर्त भएपनि चारदलिय सिन्डिकेटले त्यसतर्फ ध्यान नर्दिंदा चुनावमा रक्तपात हुने सम्भावना पनि यत्तिकै रहेको छ ।

**छोरा छोरी दुवै बराबरी हुन्, त्यसैले दुवैलाई स्कुल पठाऔं ।**

# विद्युत् विकासको लज्जास्पद स्थिति

भोला शर्मा

विद्युत् सर्वांगीण विकासको पूर्वसर्त हो । यसलाई खाना, छाना र नाना मात्र होइन, शासन, व्यवस्थापन र विकासमा समेत उपयोग गरिएको छ । नेपालमा साना, मझौला र ठूला गरी झन्डै ६ हजार नदी-नाला छन् । त्यसैले नेपाल विश्वमा ब्राजिलपछि जलस्रोतको दोस्रो धनी देश मानिन्छ भने एसियामा पहिलो । यसै सन्दर्भमा डा. हरिमान श्रेष्ठले सन् १९६७ मा मस्को युनिभर्सिटीमा प्रस्तुत गरेको विद्यावारिधि शोध प्रबन्धमा नेपालको जलस्रोतको कुल विद्युत् क्षमता ८३ हजार दुई सय ९० मेगावाट रहेको उल्लेख गरेका छन् । तर, एसियाली विकास बैंकको प्रतिवेदनले ४२ हजार मेगावाट मात्र विद्युत् उत्पादन गर्न सक्ने नेपालको आर्थिक तथा प्राविधिक सम्भाव्यता देखाएको छ । हाल झन्डै ७५० मेगावाट विद्युत् मात्र उत्पादन भइरहेको छ । यो कुल सम्भाव्य क्षमताको ०.९ प्रतिशत मात्र हो ।

९ जेठ १९६८ मा नेपालमा प्रथमपटक बिजुली बलेको थियो । त्यसैले हरेक वर्ष ९ जेठलाई ऊर्जा दिवसको रूपमा मनाउने गरिन्छ । पाँच सय किलोवाट क्षमताको चन्द्रज्योति पावर हाउसदेखि हालसम्म आइपुग्दा विद्युत् सेवा अतिक्रमित, संक्रमित र दिग्भ्रमित भएको छ । सर्वाधिक सम्भावना बोकेको भए पनि बिजुलीको चरम अभाव छ । सेतो सुन मानिने विद्युत् निर्यात गरी प्रशस्त डलर कमाएर शोधनान्तर स्थिति सुदृढ गर्नुपर्नेमा उल्टै भारतबाट विद्युत् आयात गर्नुपरिरहेको छ । हाम्रो ऊर्जा क्षेत्रको आधिकारिक निकाय नेपाल विद्युत् प्राधिकरण हो । त्यही निकाय आज राजनीतिक शोषणको सिकार बनेको छ । स्थानीयवासीसमेत मुआब्जा प्राप्तिमा राजनीतिक आश्वासनबाट उचालिने गरेका छन् । आर्थिक दृष्टिले वर्षेनी करिब ८ अर्ब घाटामा छ । गत वर्ष प्राधिकरणको २७ अर्ब सञ्चित घाटा थियो । त्यसैगरी, सामाजिक दृष्टिले हेर्ने हो भने प्राधिकरणले जनविश्वास आर्जन गर्न सकेको छैन । त्यसैले यसको साख गिर्दो अवस्थामा छ । व्यवस्थापकीय दृष्टिले हेर्ने हो भने कर्मचारी संख्या अत्यधिक बढी छ । अस्थायी/म्यादी कर्मचारी स्थायी गर्न पटक-पटक दबाब आउने गरेको छ । अधिकांश कर्मचारीमा काममा लजाउने र सुविधामा रमाउने प्रवृत्ति छ । यहाँका उच्च अधिकारी भ्रष्टाचारमा मुछिने गरेका छन् । पछिल्लो समय गुणस्तरहीन ट्रान्स्फर्मर खरिद काण्डमा यहाँका केही उच्च अधिकारी अख्तियारको हिरासतमा छन् । दोषीलाई हदैसम्मको कडा कारबाही गर्न र निर्दोषलाई दोषी नठहऱ्याउन अख्तियारको विवेकशीलता जरूरी देखिएको छ ।

नेपालमा ऊर्जाको माग र उपयोगमा मूलतः परम्परागत स्रोतकै बाहुल्य छ । जलविद्युत् उत्पादनमा उल्लेखनीय प्रगति गर्न नसकेकाले ऊर्जा संकट बढ्दै छ । आर्थिक वर्ष ०६९/७० को प्रथम आठ महिनामा ऊर्जा खपत ६ हजार पाँच सय ९७ टन तेल शक्ति बराबर छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.५८ प्रतिशतले घटिरहेको छ । आर्थिक वर्ष ०६९/७० को प्रथम आठ महिनामा कुल ऊर्जाको खपतमध्ये दाउराबाट ७६.९१ प्रतिशत रहेको छ । कृषिजन्य अवशेषबाट ३.५ प्रतिशत र पशुजन्य अवशेषबाट ५.६९ प्रतिशत रहेको छ । आर्थिक वर्ष ०६९/७० को प्रथम आठ महिनामा कुल ऊर्जा खपत अनुपातमा पेट्रोलियमको १०.१६ प्रतिशत, कोइलाको खपत २.९७ प्रतिशत र विद्युत्को २.६१ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष ०६९/७० मा प्राधिकरणलाई व्यावसायिक रूपमा सबल पार्ने सम्पादन गरिने कार्यका आधारमा संरचनागत सुधार गरिएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण कमिटीको प्रतिवेदनका आधारमा गरिएको उक्त संरचनागत सुधारबाट ग्राहकलाई शीघ्र अनि भरपर्दो सेवा पुऱ्याउन सहयोग मिल्नेछ । त्यसैगरी, गत आर्थिक वर्षमा प्राधिकरणअन्तर्गत निर्माण गरिने आयोजना आठवटा, कार्यान्वयनमा जाने आयोजना दुइटा, क्रमागत आयोजना नौवटा, प्रसारण लाइन विस्तार आयोजना ४१ वटा, वितरण आयोजना ६४ वटा र विविध आयोजना तीनवटा रहेका छन् । गत आर्थिक वर्षमा तामाकोसी जलविद्युत् आयोजनाको भौतिक पूर्वाधार निर्माण गर्ने लक्ष्य राखिएकोमा भवन निर्माण सम्पन्न भएको छ भने सडक निर्माण ७५ प्रतिशत, पुल निर्माण ५० प्रतिशत र सिभिल निर्माण ५० प्रतिशत सम्पन्न भएको छ । उता, बूढीगण्डकी, उत्तरगंगा, नलसिंह गाड, तमोर, कालिगण्डकी जलाशययुक्त आयोजनाको प्रारम्भिक अध्ययन सम्पन्न भएको छ । गत आर्थिक वर्षमा विद्युत् उत्पादन ४०.४ मेगावाट थप भए पनि प्रसारण लाइन विस्तारमा कुनै प्रगति हुन सकेन । आयातीत पेट्रोलियम पदार्थको पटक-पटक चरम अभाव र मूल्यवृद्धि भए पनि जलविद्युत्लाई भरपर्दो विकल्प बनाउन सकिएको छैन ।

नेपालमा वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिको दिगो विकास गरी ग्रामीण क्षेत्रमा ऊर्जा आपूर्ति गर्ने, त्यसैबाट स-साना उद्योग व्यवसाय सञ्चालन गरी ग्रामीण जनताको सामाजिक आर्थिक जीवनस्तर उकास्ने गरिबी निवारण गर्ने र वातावरण संरक्षण गर्ने उद्देश्यले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र स्थापना गरिएको छ । आगामी २० वर्षभित्र कुल ऊर्जा खपतमध्ये १० प्रतिशत नवीकरणीय/वैकल्पिक ऊर्जाबाट र विद्युत्को पहुँच पुग्ने जनसंख्यामध्ये ३० प्रतिशत वैकल्पिक ऊर्जाबाट उपलब्ध गराउने गरी नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तार गर्दै वातावरण सन्तुलन, रोजगारी सिर्जना र समावेशी विकासमा योगदान पुऱ्याउने लक्ष्य रहेको छ । हाल कुल जनसंख्याको करिब १४ प्रतिशत जनसंख्याले नवीकरणीय ऊर्जा स्रोतबाट विद्युत् सेवा पाइरहेका छन् । त्यसैगरी, कुल जनसंख्याको करिब २७ प्रतिशतले स्वच्छ नवीकरणीय ऊर्जा प्रयोग गरिरहेका छन् ।

नेपालको ऊर्जा क्षेत्रमा परम्परागत ऊर्जाको बाहुल्य रहे पनि सस्तो, भरपर्दो र दिगो ऊर्जा भनेको जलविद्युत् नै हो । जलविद्युत् उत्पादन र यससँग सम्बन्धित विविध कार्यका लागि पटक-पटक राष्ट्रिय अन्तर्राष्ट्रिय सेमिनार र गोष्ठी हुने गरेका छन् । दाताको जलविद्युत्प्रतिको चासो पनि बढेर गएको छ । झन्डै नौ अर्ब रूपैयाँ पुंजी रहेको जलविद्युत् लगानी तथा विकास कम्पनीले एसियाली विकास बैंक, ऊर्जा मन्त्रालय र लगानी बोर्डको सहयोगमा आयोजन गर्ने विद्युत्सम्बन्धी अन्तर्राष्ट्रिय बैठकको उद्देश्य नेपालका मझौला र ठूला योजनामा लगानी आकर्षित गर्नु रहेको छ । विद्युत् क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय लगानीलाई प्रोत्साहित गर्ने उद्देश्यले हुने बैठकबाट जलाशययुक्त आयोजनालाई प्राथमिकता दिने नीति तय गरिएको छ । विगतमा विद्युत् विकासका लागि भएका यस्ता बैठक खासै उपलब्धिमूलक नभए पनि आगामी भदौ दोस्रो साता हुने भनिएको बैठक विद्युत् व्यवस्थापनका लागि प्रभावकारी बन्यो भने मुलुकको आर्थिक विकास उपलब्धिमूलक भई सरकारले तय गरेको १० वर्षमा नेपाललाई विकासशील मुलुक बनाउने लक्ष्य साकार पार्न मद्दत पुग्ने देखिन्छ ।

आफ्नै देशमा अविरल प्रवाह हुने जलस्रोतबाट उत्पादन गर्न सकिने विद्युत् ऊर्जा नेपाल र नेपालीका लागि एउटा प्रतिष्ठाको विषय हो । मुलुकमा वनजंगलले दिनसक्ने क्षमताभन्दा बढी दाउरा कटानी हुने गरेको कारण वर्षेनी नेपालको वन क्षेत्र घटिरहेको छ । सौर्य ऊर्जा, वायु ऊर्जा जैविक ऊर्जा, माइक्रो हाइड्रोजस्ता नवीकरणीय ऊर्जाको स्रोत देशमै भए पनि उपभोग नगण्य मात्रामा गरिएको छ । आयातीत पेट्रोलियमको प्रयोग १० प्रतिशत छ । पेट्रोलियम इन्धनको आयातमा वर्षेनी अर्बौं विदेशिएको स्थिति छ । यसले मुलुकको अर्थतन्त्रलाई नै धराशयी बनाइरहेको छ । तसर्थ, आजको आवश्यकता भनेको विद्युत् विकास र विस्तारमार्फत आयातीत पेट्रोलियम पदार्थलाई विस्थापन गर्दै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने गरी ऊर्जाको व्यवस्थापन गर्नु नै हो ।

विद्युत् ऊर्जा विकासका हरेक आयाममा अपरिहार्य छ । घरभित्र भान्छा व्यवस्थापन, कार्यालयमा विद्युतीय शासन व्यवस्थापन, कृषकका लागि सिँचाइ व्यवस्थापन, व्यापारका लागि आन्तरिक तथा वैदेशिक व्यापार व्यवस्थापन, ट्रलिबस, केबुलकार, विद्युतीय रेलजस्ता यातायात व्यवस्थापन, अत्यावश्यक खानेपानी वितरण व्यवस्थापन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न औद्योगिक व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापनलगायत सबैजसो क्षेत्रमा विद्युत् ऊर्जाविना विकास सम्भव छैन ।







सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार